Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ३८, २०८० साल वैशाख १२ गते मंगलबार (April 25, 2023)
www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)
मोबाइलः ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# स्वतन्त्र पार्टीले दियो चक्मा, ठुला दल धरमराउदै

मोहन कार्की

***समयसापेक्षिक टिप्पणी***

काठमाडौं । चितवन, तनहुँ, बारामा भएको प्रतिनिधिसभाको उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले अत्याधिक मत ल्याएर उप निर्वाचनमा ठुला दलहरुलाई चक्मा दिएको छ ।

युवाले नेतृत्व गरेको पार्टीहरुकमा आकर्षण बढदो छ । नेपाली काँग्रेस, एमालेका कार्यकर्ता संगठित सदस्य रहेको जतिपनि चितवन र तनहुमा मत नआएपछि यसले पनि प्रष्ट पारेको छ । अवको युग बुढाहरुको होइन । युवाहरुको हो भन्ने सन्देश दिन खोजेको छ । खोजेका छन् भन्ने देखाउछ ।

हुनत २०७९ सालमा भएको प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा पनि जनताले छानि छानि मत दिएका थिए । जसमा युवा पुस्ताहरुले केही केही ठाउँहरुमा निर्वाचनमा विजयी हाशिल गरेका थिए ।

उपनिर्वाचनमा सवैभन्दा



ठुला दल भनिएका काग्रेस र एमालेका उम्मेद्धारले राष्ट्रिय स्वतन्त्र पार्टीले विजयी हुन ल्याएको मतभन्दा काँग्रेस र एमालेका उम्मेद्धारले ल्याएको मत झण्डै एक चौथाईले घटी छ । यो परिणामले ठुला भनिएका काँग्रेस एमालेलाई धरमरको स्थितिमा पुऱ्याएको हो ।

एकातिर काँग्रेस एमालेको मत घटेको छ भने अर्कोतर्फ युवा कार्यकर्ताहरुमा काँग्रेस र एमाले, माओवादी प्रति जागेको वितृष्णाको उभार बढेर यस्तै रास्वपा जस्ता नयाँ

त्यसकारण राजनीतिक पार्टी जो नेपालमा २००७ साल पछि सवैभन्दा धेरै शासन गर्ने नेपाली काँग्रेस, एमाले, राप्रपा जस्ता दलहरु धरमराउन थालेका छन् । यि काँग्रेस, एमाले, राप्रपा, पछि थपिएको नेकपा माओवादी केन्द्र जस्ता पार्टीहरुले पार्टीलाई युवा पुस्तामा रुपान्तरण गर्न आट नगर्ने हो भने पार्टी नै ईतिहासको कठाघरामा उभिन पुग्ने आकलन गर्न थालिसकिएको छ ।

२०८० बैशाख १० गते भएको उपनिर्वाचन पछि आएको मत परिणामले नेपाली जनताले परिवर्तन आकर्षणको केन्द्र स्वर्णिम वाग्ले भएका छन् । उनले नेपाली काँग्रेसको राजनीतिमा लामो समय विताए पनि अवसरवाट बञ्चित हुदै आएका थिय । तर स्वतन्त्र पार्टीले दिएको अवसरलाई सदुपयोग गरेर उपनिर्वाचनमा तनहुको नेपाली काँग्रेसको विरासतलाई भत्काएर ठुला भनिएका नेपाली काँग्रेस र एमालेलाई पराजित गरी स्वणिमले विजयी हाशिल गरी अफुलाई स्वर्णिम अक्षर लेखेका छन् । यो अभिलेखले पढेलेखेका सक्षम युवाहरुको लागि उदारण बनेको छ । यस्ता उदारणहरु हरेका पार्टीमा थितिको रुपमा विकास हुनुपर्छ । तव मात्र देशका नीति नियम, असल थितिको विकासमा टेवा पुग्छ ।

***रास्वपाको यात्रा पनि त्यति दुरदर्शी देखिदैन***

हईम जति अगाडी बढेको छ । रास्वपामा देशको दुरदर्शिता त्यति देखिदैन । रास्वपाले अन्य राजनीतिक पार्टीहरुले गरेका भाषणहरु जस्तै भाषाण गरेको सुनिन्छ । देखिन्छ । तर नेपालको विकास गर्ने मोडल केहो ? मार्ग चित्र बनाएको देखिदैन । जसरी विगतका पार्टीहरुले नेपालका उद्योग, कलकारखाना, भत्काउनकै लागि परिवर्तनको नारा लगाए राणा शासनको विरुद्ध नारा लगाएर चुनाव जिते जस्तै । रास्वपाको पनि त्यस्तै तरिका जस्तो मात्र देखिन्छ । अहिलेका नेपालका युवाहरु पार्टीभित्र बुढाहरुले अवसरवाट बञ्चित गरी दास बनाएको उकुस मुकुसको विकल्पमा रास्वपाले पदीय हैशियत र निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउने जिम्मेवारी दिएको हुदा त्यता पर्टी बढी लालयित भएको देखिन्छ ।

भीड जम्मा हुन थालेको देखिन्छ । भीडले त २०१५ सालमा नेपाली काँग्रेसलाई

बाँकी ६ पृष्ठमा

# निर्वाचन खर्च सार्वजनिक गर्न आयोगको निर्देशन

काठमाडौं । निर्वाचन आयोगले गएको मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिएका उम्मेदवारहरुलाई निर्वाचन खर्चको विवरण पेस गर्ने निर्देशन दिएको छ । आयोगले विज्ञप्तिमा जारी गरी पाँच हजार पाँच सय ६१ जना उम्मेदवारहरुलाई निर्वाचन खर्चको विवरण सार्वजनिक गर्न निर्देशन दिएको हो । आफूले गरेको




निर्वाचन खर्च सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी, सम्बन्धित गाउँपालिका वा नगरपालिका अथवा वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गर्न सकिनसमेत आयोगको उक्त विज्ञप्तिमा जनाइएको छ ।

यसैगरी, राजनीतिक दलको जुनसुकै तहको कार्यालय वा वेबसाइट ( राजनीतिक दलका तर्फबाट उम्मेदवार भएका उम्मेदवारको हकमा), आमसञ्चारमाध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि) र सामाजिक सञ्जाल (फेसबुक, टिवटर, इन्स्टाग्राम) बाट पनि सार्वजनिक गर्न सक्ने आयोगले निर्णय गरेको छ । यसरी सार्वजनिक गरेको प्रमाणसहितको जानकारी सम्बन्धित उम्मेदवारहरुले आआफ्नो प्रदेश/जिल्ला निर्वाचन कार्यालयलाई दिनुपर्ने निर्णय भएको आयोगद्वारा प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस सम्बन्धमा आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको

बाँकी ६ पृष्ठमा

# अठार दिनपछि उठ्यो सिंहदरबारको फोहोर

काठमाडौं । काठमाडौं



महानगरपालिकाले १८ दिनपछि आज सिंहदरबार, प्रधानमन्त्री निवास बालुवाटार र राष्ट्रपति निवासको फोहोर व्यवस्थापन सुरु गरेको छ । गत शुक्रबार सर्वोच्च अदालतले तीन दिनभित्र सबै फोहोर व्यवस्थापन गर्न काठमाडौं महानगरलाई आदेश जारी गरेको थियो ।


अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिटमाधि सुनुवाइ गर्दै सर्वोच्च अदालतले तीन दिनभित्र फोहोरको व्यवस्थापन गर्न कामपाका नाममा आदेश जारी गरेको थियो । जनताकै हितका लागि काम गर्दा केन्द्र सरकारले आफूलाई पटकपटक असहयोग गरेको आरोप लगाउँदै गत चैत २५ गते कामपाको प्रमुख बालेन्द्र साहले सामाजिक सञ्जालमार्फत मुख्य प्रशासनिक निकाय सिंहदरबार लगायतको फोहोर नउठाउने बताउनुभयो । गत चैत २५ देखि नै यी तीनै स्थानको फोहोर व्यवस्थापन हुन सकेको थिएन । अदालको आदेशकै आधारमा कामपाले आजदेखि उक्त स्थानहरुको फोहोर व्यवस्थापनको काम थालेको हो । १८ दिनदेखिको फोहोर व्यवस्थापन गर्नुपर्ने भएकाले सबै फोहोरको अन्तिम व्यवस्थापन गर्न कम्तीमा चार दिन लाग्ने कामपाले जनाएको छ । अहिले मुख्य प्रशासनिक निकाय सिंहदरबारमा ७० टन, राष्टूपति कार्यालयमा ३५ र बालुवाटारमा

बाँकी ६ पृष्ठमा

# प्रधानसेनापतिद्वारा सेना प्रमुख सुबेदारलाई दर्ज्यानी चिहन प्रदान

काठमाडौं । प्रधान सेनापति महारथी प्रभुराम शर्माले सेना प्रमुख सुबेदारमा पदोन्नति भएका रत्नबहादुर थापा मगरलाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको छ । सेनामा एक मात्र रिक्त रहेको उक्त पदमा बढुवा हुनुभएका मगरलाई जङ्गी अड्डामा आयोजित कार्यक्रममा दर्ज्यानी चिह्न प्रदान गरिएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । उहाँलाई प्रधान सेनापतिको कार्यालयमा पदस्थापन गरिएको छ ।

सेनाका विभिन्न युनिट तथा सब युनिटमध्येबाट योग्यताका आधारमा छनोट गर्ने प्रावधानअनुरुप दुर्गाभञ्जन गुल्मबाट उहाँको छनोट भएको हो । प्रमुख सुबेदार मगर विसं २०५७ भदौ १ गते सेनामा प्रवेश गर्नुभएको हो । उहाँको कार्यकाल तीन वर्षको हुनेछ । सैनिक सङ्गठनमा माथिल्ला तहका अधिकृतसँग समन्वय तथा पदिक वा सो मुनिको दर्जाको खटनपटन र परिचालनमा प्रमुख सुबेदार तथा सुबेदारको महत्वपूर्ण जिम्मेवरी हुन्छ ।



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# पेट्रोल पम्पहरुमा भईरहेको ठगीमा ध्यान पुऱ्याऔं

नेपालमा महगी, अभावले मानिसहरु छटपटाईरहेका छन् । त्यसैगरी पेट्रोल, डिजेलको भाउ रसिया- युक्रेन युद्धपछि एकाएक बढेर अकासिएको छ । त्यसमाथि नेपालका भढी भन्दा बिक्री केन्द्रको रुपमा रहेका पेट्रोल पम्पहरुमा पुराना मेशिवाट तेल भर्ने गरिएको छ । त्यसमा प्वाइन्ट एकिन नहुदा ग्रहक ठगिदै आएका छन् भने अर्को पुर्ण नयाँ प्रविधिको डिजिटल सिस्टम भएका पेट्रोल पम्पहरुमा समेत सिस्टम नै तेल कम जाने बनाएर राखेका हुदा रहेछन् । यो भन्दा अगाडी यस्तै घटनाहरु चितवनको नारायणी पेट्रोल पम्प लगायत झण्डै एक दर्जन पेट्रोल पम्पहरुले यस्तै ठगी गरेका कारण कारवाही पनि भएको थियो ।

त्यस्तै काठमाडौंको मैतिदेवीमा रहेको पेट्रोल पम्पले पनि यस्तै तोकेको लिटरमा सिस्टममा देखाउने तर कम तेल मात्र भर्ने गरेको हुनाले उक्त पेट्रोल पम्पलाई पनि बाणिज्य गुणस्तर तथा अनुगमन टोलीले कारवाही गरेको थियो ।

यसरी पेट्रोल पम्पका केही बदमास पेट्रोल पम्पहरुले ग्रहकलाई लिटरमा ठग्दै ठगी गर्दै आएका छन् । एकातिर भने अर्कोतर्फ पेट्रोल, डिजेलमा मिसावट गरेर पनि ठगी गर्ने गरेका छन् ।

वेला बेलामा अनुगमन गरी यस्ता गलत कार्य गर्ने पेट्रोल पम्पहरुलाई कारवाही गर्ने गरिएको भएपनि पुनः यस्ता घटना दोहोरिदै आएका छन् । यसरी घटनाहरु दोहोरिरहनुमा पेट्रोल पम्पहरुको नियत हो वा नियती बिषय गम्भिर रहेको छ ।

त्यसकारण नेपालका यस्ता केही गलत उद्देश्यवाट स्थापना भएका पेट्रोल पम्पहरुलाई सधैको लागि निरुत्सहित गर्नेगरी कानुनी रुपमा नै कानुन बनाएर तह नलगाउने हो भने सर्वसाधरण ग्रहकहरु ठगिरहने छन् । यता तिर सम्बन्धित निकायको ध्यान जानुपर्छ ।

यस्ता गलत उद्देश्यले सञ्चालन भएका पेट्रोल पम्पहरुले गरेका ठगि धन्दाहरु ग्राहकहरुले पनि थाहा पाउने वित्तिक्कै सम्बन्धित निकायलाई जानकारी गराएर कारवाही गर्न सहयोग गर्नुपर्छ ।

ए भईहाल्यो भनेर चुप लागेर गलत कार्यलाई प्रोत्साहन दिदा समाजमा सर्वसाधरण ठगिरहन्छन् र गलत कार्य गर्ने ठगहरुको मनोवल बढ्न सक्छ । त्यसैले ठगि गर्नेहरुलाई निरुत्साहित र असल ब्यवासाय गर्नेहरुलाई प्रोत्साहन गर्ने बानी ग्राहक वर्गले पनि थाल्नुपर्छ ।

तव मात्र समाजमा असल शासनको कल्पना गर्न सकिन्छ । यस्तो असल शासनको परिकल्पना गर्ने सवैले विगतमा गलत गरेको भए पनि आउदा दिनमा असल सोच राखेर ग्राहकहरुलाई सेवा दिने ग्राहकहरुले पनि सचेत भएर पेट्रोल भर्ने वानी बसाल्नु पर्छ । विश्वास नलागेका ठाउमा पेट्रोल नभर्ने जस्ता वानीको विकास गर्नुपर्छ । तव मात्र ठगिनबाट जोनि सकिन्छ ।

# पकेट साइज छ देश, किन चाहियो प्रदेश ?

**पेशल आचार्य**

गएको कक्षा १० को नेपाली विषयक पाठ्यपुस्तकमा एउटा वादविवादको पाठ राखिएको थियो । त्यसको शीर्षक थियो( 'विश्वव्यापीकरण भन्दा स्थानीयकरण बेस' । कक्षामा पढाउँदा विद्यार्थी त्यो पाठमा निकै रुचिका साथमा विभिन्न प्रश्नहरु सोध्ने गर्थे । रमाइला प्रसङ्ग झिकेर कहिलेकाहीं विषयभन्दा विषयान्तर हुन औधी मन लाग्ने । कतिपय कक्षामा विषयान्तर भइयो । अहिले यसै गरी पढायो भने मात्र विद्यार्थी पढ्छन्, नत्र कक्षा औधी निरस हुने डर हुन्छ । अहिलेका विद्यार्थीलाई प्राविधिक ज्ञानको कुनै कमी छैन तर सैद्धान्तिक ज्ञानको जहिल्यै कमी भएको पाइन्छ ।

हिजो हामीले स्कुले शिक्षा लिएको चालीस वर्षअघिको जमानामा फर्केर हेर्ने हो भने त अहिलेका कुनै कुराहरु मिल्दैनन् । विषयका शीर्षक मिल्दैनन् । ज्ञान दिने शिक्षकहरुको पढाउने शैली मिल्दैन । ज्ञान लिने शिष्यार्थीहरुको भाँती पनि मिलिरहेको छैन । फलतः सबै कुराले पल्टा खायो । जमानाले रङ्ग बदल्यो । अहिलेका कोर्सहरु संघीयतालाई बढावा दिने, फरक क्षमताका व्यक्तिहरुलाई बढी प्राथमिकता दिने, लैङ्गिक अल्पसंख्यक, समतामूलक र दलितहरुलाई बढी फोकस गरेर कोर्समा विषयवस्तुहरु राखिएका छन् ।

हामीले पनि स्थानीय विषयका कोर्सका किताबहरु लेखेर धेरथोर अनुभव बटुलेका छौं । आफ्नै रचनाहरुसमेत पाठ्यपुस्तकमा पसेर स( साना भाइबहिनीहरुले शिक्षा लिएका करिब दुई दशक भैसकेका छन् । विद्यालय र महाविद्यालयहरुमा करिब ३ दशकभन्दा बढी औपचारिक शिक्षा दिएर आफूले पढाएका कति मेधावी विद्यार्थी अहिले आफूसँगै शिक्षण र प्राध्यापन गर्दछन् । जीवनजगत् बदलिएको जस्तो लाग्छ । कता(कता आफू निकै अघिल्लो जमानाको पुरानो मानिसजस्तो पनि लाग्छ तर आफू फेरि लेखन, पठन, कृति प्रकाशन र कम्प्युटरमा दैनिक काम गर्ने लेखनकर्मीका नाताले समयसँग अप टु डेट भएर प्रविधिसँग पौंठेजोरी खेल्ने उत्साही युवाजस्तो लाग्छ ।

शायद यही जीवन हो । जीवन भनेकै गतिशील नदीजस्तो हो रहेछ । पोखरी भएपछि मानिस जम्ने रहेछन् । जमेर केही काम छैन, न पानी सङ्लो बग्न सक्छ, न विद्युत् निस्कन्छ । बगेर फेरि समुद्रसम्म पुगेर आकाश मार्गबाट आफ्नो थातथलामै बर्सिने सौभाग्य नदीले मात्रै पाएको हुन्छ । यस मानेमा नदीलाई जीवन र जीवनलाई नदी मानिएको मानिन्छ ।

देश भूगोलमा मात्र सीमित रहेन । अलिकति भावना, विचार, शासन शैली र आस्थामा देश विभाजन भैदिँदा वर्तमान परिप्रेक्ष्यमा विज्ञानका अनेकानेक प्रविधिमय कुराहरुले देश अघि बढायो । संसारमा थरीथरीका शासन शैलीहरु र शासकहरु विराजमान रहेका छन् । हरेकका शैली हरेकसँग मिल्दैनन् । कोही कसैका विचार र आस्था अरु कसैसँग मेल खाएको पाइँदैन । मिहिन गरेर विश्लेषण गरेका खण्डमा अहिलेका समयमा कोही कसैका प्रतिस्पर्धी रहेनन् । कोही कसैका पिछलग्गु पनि भएनन् । जो हिँड्यो त्यो आफू मात्र एक्लै हिँड्यो रे ! त्यही भएर बङ्गाली बाबु कवि रवीन्द्रनाथ ठाकुरले पीडाले पीडित भएका बेलामा आफ्ना कविताको उच्छवास 'एक्ला चलो रे ! एक्ला चलो रे ! एक्ला चलो रे !' भनेरै लेखे ।

सन्दर्भ किन उठाउन खोजिएको हो भने अहिले यो हाम्रो देश झन(झन् आर्थिक रणसँगालोले गर्दा ओरालो लागिरहेको छ । अहिले कमाइधमाइभन्दा खर्च र निर्यातभन्दा आयातको खोलो धेर बगेको छ । आर्थिक उपार्जन हुने संघसंस्थाहरु यतिखेर धेर विवादमा आएका छन् । बैंक विवादित छन् । सहकारीहरु क्रमशः बदनामै भैसकेका छन् । लघुवित्तको त भित्री लुगासमेत खोलेर एक प्रकारले दिगम्बर (नाङ्गो) हिँडेको अवस्था छ । मिटरब्याजीले कतिसम्म पीडा दिएका रहेछन्, त्यो साताअघि बर्दीबासदेखि पैदलै हिँडेर माइतीघर मण्डलामा आन्दोलन गर्न भ्याइवरी प्रधानमन्त्री निवास बालुवाटारमा मिटरब्याजी पीडित र सरकारका बीचमा सम्झौता भैसक्यो । यो हिसाबले हेर्दा अब बजेट बनाउने बेला भएको छ । सरकार फेरिएको छ । हिजोको सरकारभन्दा अलि फरक विचारका मानिसहरु यो सरकारमा आएका छन् । तिनीहरुले देश र जनताका पीडाहरु बुझेर नयाँ ढंगले बजेट बनाउने र बजेटमा खेल्ने मौका पाए भने यो आर्थिक पिरलो केही कम हुन्थ्यो कि भन्ने सोच अहिले जनतामा पलाएको छ ।

हामीले स्कुले शिक्षा लिएको चालीस वर्षअघिको जमानामा फर्केर हेर्ने हो भने त अहिलेका कुनै कुराहरु मिल्दैनन् । विषयका शीर्षक मिल्दैनन् । ज्ञान दिने शिक्षकहरुको पढाउने शैली मिल्दैन । ज्ञान लिने शिष्यार्थीहरुको भाँती पनि मिलिरहेको छैन । फलतः सबै कुराले पल्टा खायो । जमानाले रङ्ग बदल्यो । अहिलेका कोर्सहरु संघीयतालाई बढावा दिने, फरक क्षमताका व्यक्तिहरुलाई बढी प्राथमिकता दिने, लैङ्गिक अल्पसंख्यक, समतामूलक र दलितहरुलाई बढी फोकस गरेर कोर्समा विषयवस्तुहरु राखिएका छन् ।

हामीले पनि स्थानीय विषयका कोर्सका किताबहरु लेखेर धेरथोर अनुभव बटुलेका छौं । आफ्नै रचनाहरुसमेत पाठ्यपुस्तकमा पसेर स(साना भाइबहिनीहरुले शिक्षा लिएका करिब दुई दशक भैसकेका छन् । विद्यालय र महाविद्यालयहरुमा करिब ३ दशकभन्दा बढी औपचारिक शिक्षा दिएर आफूले पढाएका कति मेधावी विद्यार्थी अहिले आफूसँगै शिक्षण र प्राध्यापन गर्दछन् । जीवनजगत् बदलिएको जस्तो लाग्छ । कता(कता आफू निकै अघिल्लो जमानाको पुरानो मानिसजस्तो पनि लाग्छ तर आफू फेरि लेखन, पठन, कृति प्रकाशन र कम्प्युटरमा दैनिक काम गर्ने लेखनकर्मीका नाताले समयसँग अप टु डेट भएर प्रविधिसँग पौंठेजोरी खेल्ने उत्साही युवाजस्तो लाग्छ ।

शायद यही जीवन हो । जीवन भनेकै गतिशील नदीजस्तो हो रहेछ । पोखरी भएपछि मानिस जम्ने रहेछन् । जमेर केही काम छैन, न पानी सङ्लो बग्न सक्छ, न विद्युत् निस्कन्छ । बगेर फेरि समुद्रसम्म पुगेर आकाश मार्गबाट आफ्नो थातथलामै बर्सिने सौभाग्य नदीले मात्रै पाएको हुन्छ । यस मानेमा नदीलाई जीवन र जीवनलाई नदी मानिएको मानिन्छ ।

हुन त अहिले देशले नेता नै धेरै पाल्नुपर्ने बाध्यता बोकेको छ । अहिले संघीय, प्रादेशिक र स्थानीय गरी करिब चालीस हजारको हाराहारीमा तलबभत्ता खाने नेताहरु नै बोक्नुपर्ने अवस्था हाम्रोजस्तो गरिब, हरितन्नम र रेमिट्यान्सप्रधान मुलुकलाई यतिखेर परिरहेको छ ।

करिब ७ सय ६१ वटा सरकारहरु भिरेर दौडिनुपर्ने अवस्थाले गाँजेको छ । उत्पादन नास्ती, राजस्व गत ५५ वर्षकै यता कम उठेको छ । वार्षिक वृद्धिदर ४.१ मा सीमित हुने अवस्था देखिएको छ । यही अवस्था रहिरहेमा आउने साउनदेखि सरकारले तलबभत्ता खुवाउन नसक्ने र राजस्वबाट तलबभत्ता खाने कर्मचारीलाई एक तिहाइ पैसा घटाएर मात्र दिन सक्ने स्थिति आउँदै गरेको छ भनेर आर्थिक मामलाका जानकारहरु भन्न थालिसके ।

यी सबै कुराहरु आउनुका पछाडि एकमात्र कारण छ, त्यो हो ओभर ड्राफ्ट खर्च याने आम्दानी अठन्नी खर्च रुपियाँ । अहिले धेरैजसो जनप्रतिनिधिहरु र राष्ट्रिय पार्टीका नेताहरु हाकाहाकी नै भन्न थालिसके कि प्रदेश भन्ने चिज नेपालका लागि आवश्यक नै नरहेको जिनिस रहेछ । स्थानीय सरकारले गर्ने काम र प्रदेशले गर्ने काममा धेरैजसो पुनरावृत्ति भएको देख्दा हो जस्तो लाग्छ । स्थानीय सरकारलाई आफ्नो वडा(वडामा वडा सचिव स्तरका कर्मचारीहरु पुऱ्याएर जनतालाई घरदैलोमा सेवा दिने कस्तो आतुरी छ तर स्थानीय सरकारहरुले त्यो सुविधा दिन नसकेर जनताले घरदैलोमा पाउनुपर्ने सामाजिक सुरक्षा भत्ता, ससाना सिफारिस र मुचुल्काहरुसमेत लिनका लागि गाउँपालिकाकै अफिस धाउनुपर्ने स्थिति देखिएको छ ।

क्षेत्रफलमा ठूला गाउँपालिका आउँदा, जाँदा र काम गर्दा जनताको धेरैजसो समय पालिका कार्यालयमै बित्ने र घरदैलोमा सेवा(सुविधा नपाउँदा निराशा हुने क्रम देखिएको छ । यस्तो अवस्थालाई चिरेर गाउँ(गाउँमा वडा सचिव, खरदारहरु, प्राविधिक सहायकहरु, अहेवहरु र जेटिएहरु पुऱ्याउन सकिएमा मात्र सिंहदरबार गाउँ(गाउँमा पुऱ्याएको कुरा गर्न सकिन्छ । नत्र त भाषणमा मात्र सिंहदरबार गाउँमा पुगेका तर व्यवहारमा उही पालिकाका केन्द्रहरुमा मात्र पुगेको भान हुन्छ ।

यस्तो स्थितिमा जनतालाई प्रशासनिक, वित्तीय, स्वास्थ्य, शिक्षा र यातायातको संघीयताकै रस चखाउनलाई चाहिँ प्रदेशहरुलाई एकाएक खारेज गरेर स्थानीय तहको संख्यामा बढोत्तरी गरी क्षेत्रफल, अधिकार, जनशक्ति र सेवा(सुविधाहरु बढाउन सकियो भने नेपालका हकमा संघीयताका २ तहहरु मात्र राखेर नयाँ ढंगले विकास गर्न सकिन्छ । यो अहिले चर्चा र चासोको विषयसमेत बनेको छ । सत्तारुढ गठबन्धन दलका नेता तथा माओवादी केन्द्रका अगुवा नेता देव गुरुङले हालैको एक कार्यक्रममा यस्तो विचार प्रस्तुत गरेका छन् । उनले अघि भनेका छन( 'सबै किसिमका अधिकारहरु दिने गरी बरु २ तहको संघीयताको अभ्यास गरौं ।' नेपालजस्तो सानो भौगोलिक भूपरिवेष्टित देशलाई नेता गुरुङले भनेजस्तो २ तहकै संघीयता काम लाग्ने हुन्छ ।

स्थानीय तहमा बरु सबै किसिमका सेवा(सुविधाहरु उपलब्ध गराउने जनशक्तिको व्यवस्थापन प्रदेश सरकार र संघीय सरकारबाट गरेर प्रदेशलाई सर्वदलीय सहमतिका आधारमा खारेज गर्न सकियो भने स्थानीय तहबाट नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी सिफारिस, घरजग्गा पास, नामसारी, नक्सा प्रिन्ट, विद्यालयहरुको स्वीकृति र स्वास्थ्य तथा कृषि कार्यालयहरुले दिने सबै प्रकारका गाउँस्तरीय सेवाहरु अविछिन्नरुपले दिन सकिन्छ । अहिले अभ्यास भैरहेको संघीयता त निर्देशित संघीयता वा नियन्त्रित संघीयताजस्तो देखिएको छ । यस्तो भैइरह्यो भने केन्द्रले निर्देशन दिइरहने र स्थानीय तहले मानिरहने परम्पराकै विकास हुन बेर लाग्दैन । यस्तो भयो भने संसारमा देखिएका सफल संघीयताका मोडेलहरु पनि हामीलाई एकाएक फितला लाग्छन् ।

छिमेकी भारतकै कुरा गर्दा त्यहाँको भूगोल, जनसंख्या, स्रोतहरुको बाँडफाँड र प्रदेश नामकरणकै सबालमा समेत हाम्रोभन्दा अघि भएर पनि कतिपय सवालमा वैज्ञानिक र भरपर्दो देखिएका छन् । आफैं आफ्ना लागि दिगो विकास गर्नका लागि सक्षम भएर लाग्न सक्ने प्रदेशहरु हामीकहाँ भएका देखिएनन् । नामकरण, क्षेत्र, भूगोल र आयआर्जनका हिसाबले समेत प्रदेशहरु केही फितला देखिएका छन् । जल, जंगल, जडीबुटी र जमिनका हिसाबले समेत स्रोतको उचित बाँडफाँड हुनुपर्दथ्यो, न कि केन्द्रको बजेटलाई मुख ताकेर राजस्व उठाउन नसक्ने तर केन्द्रबाट आएको रकममा भागवण्डाका लागि झगडा गर्ने संस्कार भित्र्याउनका लागि प्रदेशहरुको अभिर्भाव भएको पक्कै नहोला ।

प्रदेश आफैंमा यी कुराहरुलाई छाडेर आफ्नो खुट्टामा उभिन सक्ने हुनुपर्दछ । जस्तो कि मुद्रा, अन्तर्राष्ट्रिय सिमाना, सेना र परराष्ट्र नीति यी कुराहरु केन्द्रले निर्धारण गर्नुपर्छ । बाँकी विकास र निर्माणका कुरामा प्रदेश संघीय लगामभन्दा बाहिर रहेर स्वतन्त्र र स्वच्छन्दपूर्वक काम गर्न सक्ने भयो भने मात्र देशको मुहार हँसिलो पार्न अनि प्रादेशिक विकासका खाकाहरु कोर्न सक्छ । नत्र प्रदेशका गीतहरु गाएर मात्र अब देश विकसित हुन सक्दैन । भन्नेले त उहिल्यै भनेकै हुन( 'पकेट साइज छ देश, किन चाहियो प्रदेश ?' काँक्राको चिरोजस्तो सानो देशलाई अझ सात(सात प्रदेशमा चिरेर हामीले केन्द्रको मुखमात्रै ताकी विकास( निर्माणका सबै खाले काम गर्नका लागि सर्वदा परामुखापेक्षी भएर ताकिरहने हो भने जतिसुकै स्वर्ण अक्षरले प्रदेशका नामकरण गरेर पनि जनताका मुहारमा उज्यालो कान्ति छर्न सक्दैनौं ।

यो कुरालाई मध्यनजर गरेर हामीले प्रदेश सरकारकै मातहतमा प्रदेशका ठूला(ठूला योजना, आयोजना र परियोजनाहरु बनाएर तिनीहरुलाई कार्यान्वयन गर्न सकेनौं भने यी प्रदेशहरु कालान्तरसम्म सेता हात्तीसमान हुनेछन् । जसलाई बचाउन मात्रै पनि अर्बौं र खर्बौं बजेटको व्यवस्थापन गर्नुपर्ने हुन्छ तर प्रतिफल भने शून्य रहन्छ ।

यस्तो अवस्था नआउँदै समुचितरुपमा प्रदेशको व्यवस्थापन गरेर स्थानीय र संघीय तहमात्रै संरचना राखी जनतालाई सकेको परिवर्तन महसुस हुने गरी सेवा(सुविधाहरु दिनु नै अहिलेको आवश्यकता हो । गणतन्त्रमा भनाइ र गराइमा कत्ति पनि फरक हुनुहुँदैन ।

नेपाल समाचारपत्र

# फेवातालको बाराही मन्दिर पुनःनिर्माण कार्यको थालनी

लेखनाथ । अधिकांश स्वदेशी तथा विदेशी पर्यटक पुग्ने गर्छन् पोखराको पर्यटकीय फेवातालको बीच भागमा अवस्थित धार्मिक आस्थाको केन्द्र बाराही भगवती मन्दिरमा । पर्यटकीय दृष्टिकोणले होस् वा धार्मिक आस्थाकै कारण,बाराही भगवती मन्दिर नपुग्ने स्वदेशी तथा विदेशी कमै होलान् । दर्शन र पूजाआजा गर्न मन्दिरमा भक्तजनको दैनिकरूपमा भीड लाग्ने गर्छ । पोखराकै प्रसिद्ध मानिने बाराहीदेवीको मन्दिर विसं २०७२ को भूकम्पले तीन इन्च दक्षिणतर्फ कोल्टिएपछि पुनःनिर्माण कार्य सुरु गरिएको छ । फेवातालको बीच अर्थात पानीको बीचभागको ढिस्कोमा मन्दिर भएकै कारण मन्दिर ढल्कँदा झनै जोखिम देखिएको छ । जोखिम बढ्दै गएपछि ढल्किएको मन्दिर पुनःनिर्माणका लागि बाराही मन्दिर व्यवस्थापन समिति र पुरातत्व

बाँकी ६ पृष्ठमा

# बालबालिकाको स्वास्थ्यमा वायु प्रदूषणको प्रभाव

**डा. केदार कार्की**

विश्व स्वास्थ्य संगठनद्वारा 'एयर पोलुसन एन्ड चाइल्ड हेल्थ : प्रेसक्राइबिङ क्लिन एयर' शीर्षकबाट वायु प्रदूषण एवं बालस्वास्थ्य'दयगत जारी गरिएको प्रतिवेदनअनुसार वैश्विक स्तरमा १५ वर्षभन्दा कम उमेरका लगभग ९३ प्रतिशत केटाकेटीहरू प्रत्येक दिन यस्तो हावामा सास फेर्छन्, जुन प्रदूषित हुने गर्छ । यस प्रदूषित वायुले बालबालिकाको स्वास्थ्य एवं विकासमा गम्भीर प्रभाव पार्छ । यी गम्भीर प्रभावका कारण यिनमध्ये कयौं बालबालिकाको मृत्यु हुने गर्छ । विश्व स्वास्थ्य संगठनको अनुमान छ कि सन् २०१८ मा ६ लाख बालबालिका प्रदूषित वायुका कारण हुने संक्रमणले मरेका थिए ।

यस प्रतिवेदनका अनुसार जब गर्भवती महिलाहरू प्रदूषित हावाको सम्पर्कमा आउछन् भने तिनीहरूमा समयभन्दा पहिले बच्च जन्माउने सम्भावना बढी हुन्छ । यसरी जन्मेका बच्चाहरू स(साना तथा जन्मदाका बेला कम तौलका हुने गर्छन् । वायु प्रदूषणले मस्तिष्कको विकास एवं संज्ञानात्मक क्षमताको विकासलाई पनि प्रभावित गर्छ । साथसाथै यो अवस्थामा चाइल्डहुड क्यान्सरको पनि कारण बन्नसक्छ । जुन बालबालिका उच्चस्तरको वायु प्रदूषणको सम्पर्कमा आउँछन्, तिनमा उमेर बढ्दैगर्दा मुटुसम्बन्धी बिरामी हुने जोखिम बढी हुने गर्छ ।

प्रदूषित वायुले लाखौं बालबालिकाका लागि विषको काम गरिरखेको हुन्छ । तिनको जीवन बर्बाद गरिराखेको हुन्छ, जसलाई उचित मान्न सकिन्न । त्यसैले यो सुनिश्चित गरिनु आवश्यक छ कि सबै बालबालिकाले स्वच्छ हावामा सास फेर्न सकून्, जसले गर्दा तिनीहरूले पर्याप्त शारीरिक विकास गर्न सकून् र आफ्नो पूर्ण क्षमता प्राप्त गर्न सकून् । व

वायु प्रदूषणबाट प्रभावित बालबालिका विशेषगरी कमजोर हुनुको एउटा कारण यो पनि हो कि यिनीहरू वयस्कभन्दा बढी तीव्र गतिमा सास फेर्छन् । यसैले बढी प्रदूषण अवशोषित गर्छन् । नवजात शिशु एवं साना बालबालिका घरेलु वायु प्रदूषणप्रति पनि बढी संवेदनशील हुन्छन् ।

वायु प्रदूषणले मस्तिष्कको विकासलाई प्रभावित गर्छ, जसले गर्दा बालबालिकाको संज्ञानात्मक क्षमता हुनेगर्छ । यस प्रकार यसले बालबालिकाहरूको मानसिक एवं शारीरिकलाई नकारात्मक रूपले प्रभावित गर्छ । वैश्विकस्तरमा १५ वर्षभन्दा कम उमेरका ३५ प्रतिशत बालबालिका यस्तो परिवेशमा रहन्छन्, जहाँ वायुमा विश्व स्वास्थ्य संगठनद्वारा निर्धारित कणीकीय पदार्थ २ दशमलव ५ को तुलनामा उच्च हुनेगर्छ । पाँच वर्षभन्दा कम उमेर का ६ सय ३० एवं १५ वर्षभन्दा कम उमेरका १ दशमलव ८ अर्ब बालकालिका यस्तो परिवेशमा सामिल छन् ।

पाँच वर्षभन्दा कम उमेरका सबै बालबालिकामध्ये ९८ प्रतिशत विश्वका निम्न एवं मध्यम आय हुने देशहरूमा रहन्छन्, जहाँ कणिकीय पदार्थ २ दशमलव ५ को स्तर उच्च छ । तुलनात्मक रूपले उच्च आय भएका देशहरूमा पाँच वर्षभन्दा कम आयुका ५२ प्रतिशत बालबालिका यस्ता क्षेत्रमा रहन्छन्, जसको वायुमा कणिकीय पदार्थ २ दशमलव ५ को स्तर विश्व स्वास्थ्य संगठनले निर्धारित कणिकीय पदार्थ २ दशमलव ५ को मादण्डभन्दा उच्च छ ।

सन् २०१८ मा १५ वर्षभन्दा कम आयुका बालबालिकाका सम्बन्धमा लगभग ६ लाख बालबालिकाको मृत्युका लागि वातावरण एवं घरेलु प्रदूषणको संयुक्त प्रभाव जिम्मेवार मानिएको छ । कम एवं मध्यम आय भएका देशहरूमा पाँच वर्षभन्दा कम उमेरका बालबालिकामा हुने श्वास संक्रमणका लागि खाना पकाउँदा हुने घरेलु वायु प्रदूषण एवं बाहिरी वायु प्रदूषण ५० प्रतिशतभन्दा बढी जिम्मेवार मानिएको छ । वायु प्रदूषण बाल स्वास्थ्यका लागि प्रमुख खतरामध्ये एक मानिन्छ । वायु प्रदूषणले पाँच वर्षभन्दा कम आयुका बालबालिकामा हरेक १० मध्ये एकजनाको मृत्युको कारण मानिन्छ ।

विश्व स्वास्थ्य संगठनको प्रतिवेदनअनुसार भारतले विश्वमा सबैभन्दा बढी वायु प्रदूषणसँग सम्बन्धित मृत्युदर एवं बिरामीको बोझ सामना गर्नुपरेको छ । त्यहाँ प्रत्येक वर्ष २ मिलियनभन्दा बढीको मृत्यु हुन्छ, त्यसमध्ये वायुको बिग्रदो गुणस्तरका कारण हुने मृत्युको संख्यामा २५ प्रतिशत रहेको छ । सन् २०१६ मा भारतमा पाँच वर्षभन्दा कम उमेरका लगभग १ लाख बालबालिकाको मृत्यु भएको थियो । तिनको स्वास्थ्य जटिलताको प्रमुख कारण बाह्य एवं घरेलु वायु प्रदूषणको स्तर रहेको थियो ।

भारतपछि बाल मृत्युको तथ्यांकनुसार नाइजेरिया दोस्रो स्थानमा रह्यो । यसपछि क्रमशः पाकिस्तान, कंगो, इथियोपिया गणराज्य यस श्रेणीमा सामेल छन् । भारत ती देशमध्ये एउटा मनिन्छ, जहाँ पाँच वर्षभन्दा कम उमेरका सबै बालबालिकामध्ये ९८ प्रतिशतभन्दा बढी यस्तो क्षेत्रमा बसोबास गर्छन्, जहाँ कणिकीय पदार्थ २ दशमलव ५ को स्तर विश्व स्वास्थ्य संगठनद्वारा निर्धारित गुणस्तरभन्दा बढी छ । हामी पनि भारतकै छिमेकी भएकाले हाम्रो अवस्था पनि यसभन्दा भिन्न होला भन्न सकिने आधार भने छैन ।

सबै देशले बालबालिकाको स्वास्थ्य एवं सुरक्षालाई प्रोत्साहन गर्नका लागि विश्व स्वास्थ्य संगठनको वैश्विक वायु गुणस्तर दिशानिर्देशहरूको लक्ष्य प्राप्त गर्नका लागि काम गर्नुपर्ने हुन्छ । यसलाई प्राप्त गर्नका लागि सरकारले वैश्विक ऊर्जाका रूपमा जिवास्म इन्धनमाथिको अधिक निर्भरतालाई कम गर्नु, ऊर्जा दक्षतामा सुधार एवं ऊर्जा स्रोतहरूको उत्पानलाई सुविधाजनक बनाउने खालका उपाय अवलम्बन गर्नुपर्ने हुन्छ ।

राम्रो फोहोरमैला व्यवस्थापनले समुदायले जलाउने फोहोरमैलाको मात्रालाई कम गर्न सक्छ । यसले गर्दा सामुदायिक वायु प्रदूषणलाई कम गर्न सकिन्छ ।

घरहरूमा भोजन पकाउन, त्यानो पार्न एवं प्रकाश व्यवस्थाका लागि स्वच्छ इन्धनको विशेष उपयोगले घर एवं वरिपरिको समुदायमा वायुको गुणस्तरलाई धेरै हदसम्म सुधार गर्न सक्छ । प्रदूषित वायुबाट बाल बालिकालाई बचाउनका लागि कदम चाल्नुपर्ने हुन्छ । विद्यालयका खेलमैदान, व्यस्त सडक, राजमार्ग एवं बिजुलीका संयन्त्र जस्ता वायु प्रदूषणका प्रमुख स्रोतबाट टाढा राखिनुपर्छ ।

बालबालिकामा वायु प्रदूषणका कारण हुने प्रभावमा फोक्सोको विकासमा बाधा, फोक्सोको कियाशीलतामा कमी, श्वाससम्बन्धी संक्रमण, मानसिक एवं शारीरिक विकासमा अवरोध हुने व्यवहारसम्बन्धी विकार, जन्मदा कम तौल हुनु, समयपूर्व बच्चा जन्मिनु, शिशु मृत्यु एवं चाइल्डहुड क्यान्सर प्रमुख हुन् । साथै, वयस्क हुँदा हृदयसम्बन्धी रोगहरू, मधुमेह एवं पक्षघातको खतरा हुनसक्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०१६ मा बाह्य एवं घरेलु प्रदूषणका कारण पाँच वर्षभन्दा कम उमेरका ५ लाख ४३ हजार र १५ वर्ष आयुका ५२ हजार बालबालिकाको मृत्यु भयो । बालबालिका समाजका भविष्य हुन् तर यी यसका सबैभन्दा कमजोर सदस्य पनि हुन् । वायु प्रदूषणका कारण बालबालिकाको स्वास्थ्यलाई हुनसक्ने खतरालाई मनन गर्दै वैज्ञानिकहरू एवं स्वास्थ्य विशेषज्ञले यसमाथि केन्द्रित आफ्नो प्रतिक्रिया दिनुपर्ने हुन्छ । सामूहिक एवं समन्वित प्रयासका माध्यमबाट वैज्ञानिक एवं स्वास्थ्य विशेषज्ञले यस जोखिमलाई प्राथमिकताका रूपम समाधान गर्नका लागि एकसाथ उभिनुपर्नेछ ।

प्रत्येक दिन प्रदूषित वायुको सम्पर्कमा आउने लाखौं बाल बालिकालाई बचाउनका लागि तत्काल सही दिशामा यथोचित कदम उठाउनुपर्ने आवश्यकता छ । प्रदूषणको स्तर यथास्थितिमा रहिरहे भोलि के कस्तो स्थिति सिर्जना होला हाम्रो कल्पनाभन्दा परको कुरा हो ।

भनिन्छ, हिजो बाँचेका थियौं, त्यसैले आज छौं, आज बाँच्यौं भने न भोलि रहौंला नत्र कसले भोलिलाई देखेको छ र बाँचौंला । (लेखक भेटेरेनरी जनस्वास्थ्य कार्यालय त्रिपुरेश्वर काठमाडौंबाट सेवा निवृत्त वरिष्ठ पशु चिकित्सक हुन्)

राजधानी दैनिक

# रामेछाप डायरी

## रामेछापको कठजोरमा चट्याङ लागेर आमाछोरी घाइते

रामेछापको मन्थली नगरपालिका ३ कठजोरमा शुक्रबार अपराह्न परेको चट्याङका कारण दुई जना घाइते भएका छन् । घाइतेहरुको स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौं पठाइएको छ ।

उनिहरुको काठमाडौंको एक अस्पतालमा उपचार भैरहेको छ । जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार चट्याङ लागेर घाइते हुनेमा रालटारकी ४० वर्षीया सुमित्रा कार्की र उनकै ९ वर्षीया छोरी अनिता कार्की रहेका छन् । रणजोर खोलामा कपडा धुँदै गरेका आमाछोरी चट्याङ लागेर घाइते भएपछि उपचारका लागि नजिकैको मन्थली लगिएको थियो ।

यसैबीच शुक्रबार अपराह्न परेको चट्याङ लागेर दोरम्बा शैलुङ गाउँपालिका १ डडुवाका तुलबहादुर तामाङको खोरमा बाँधेरका १५ वटा बाख्रा मरेको जिल्ला प्रहरी कार्यलयले जनाएको छ । शुक्रबार साँझ हावाहुरी, असिनापानी र चट्याङ परेको थियो । असिनाले केही क्षेत्रमा बालीनाली र फलफूल खेतीमा क्षति पुऱ्याएको छ ।

## रामेछापको मन्थलीमा मोटरसाइकल चोरीको आरोपमा प्रहरी जवान पक्राउ

जिल्ला प्रहरी कार्यालय रामेछापको सवारी चालकको रुपमा कार्यरत प्रहरी जवान उपेन्द्रप्रसाद भण्डारी चोरीको अभियोगमा सोमबार पक्राउ परेका छन् । प्रहरी आफैं चोरी कार्यमा संलग्न रहेको र गलत कार्य गर्ने प्रहरीलाई कानुनी दायरामा ल्याएको रामेछापमा यो पहिलोपटक हो ।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत रहेकै बेला मन्थलीबाट उनले पार्किङ गरी राखेको मोटरसाइकल चोरी गरेको तथ्य सीसीक्यामेराको फुटेजमा देखिएको आधारमा उनलाई पक्राउ गरी हिरासतमा राखिएको छ । जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीका अनुसार भण्डारीलाई थप अनुसन्धानका लागि रामेछाप जिल्ला अदालतबाट थुनामा राख्ने म्याद थप गरिएको हो ।

मन्थलीका रमेश नेपालीको वैशाख १ गते मन्थली बजारमा पार्किङमा राखेको वाग्मती प्रदेश ०२-०२८ प ०९०७ नम्बरको मोटरसाइकल चोरी भएको थियो । नेपालीले चोरी भएको मोटरसाइकल खोजी गरिदिन प्रहरी गुहारेका थिए ।

प्रहरीले नेपालीको निवेदन परेपछि आफ्नो कार्यालयमा रहेको सिसीक्यामेराको मोनिटरको अध्ययन थालेको थियो । प्रहरी नायव उपरीक्षक पराजुलीका अनुसार प्रहरी जवानले मोटरसाइकल चोरी गरेको देखिएपछि भण्डारीलाई सोधपुछ गरिएको थियो । सोधपुछका क्रममा भण्डारीले मोटरसाइकल चोरी गरेको र उक्त मोटरसाइकलका सामान आफ्नो कोठामा रहेको स्वीकार गरेका थिए ।

भण्डारीले चोरी गरेको मोटरसाइकलबाट विभिन्न सरसामान झिकेर बेग्ला-बेग्लै बनाई वर्कसपमा लैजाने तयारी गरेको अवस्थामा कोठामा फेला परेका थिए । प्रहरीले उक्त सामग्रीसमेत बरामद गरेको छ । मन्थलीमा यसअघि पनि मोटरसाइकल चोरीका घटना हुने गरेका थिए ।

एक महिनाअघि मात्र मन्थलीको गडुवारीबाट हराएको मोटरसाइकल जिल्ला प्रहरी कार्यालयको नजिकै फेला परेको थियो । उक्त घटनामा समेत भण्डारीको संलग्नता रहेको आशंका गर्न थालिएको छ । प्रहरीले अन्य चोरीका घटनाका सम्बन्धमा समेत अनुसन्धान गर्ने जनाएको छ ।

# मनाइयो १७ औं लोकतन्त्र दिवस

काठमाडौं । विसं २०६३ वैशाख ११ गते नेपाली जनताले जनताबाट निर्वाचित संसद् प्राप्त गरेको १७ वर्ष पूरा भएको छ ।यस अवसरमा आज लोकतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइएको छ । यस अवसरमा मानव अधिकार तथा शान्ति समाज काठमाडौं शाखाले जनताको अधिकार कहिल्यै कुण्ठित नहोस् भनी बौद्ध स्तुपमा दीप प्रज्वलन गरेको छ । कार्यक्रममा मानव अधिकारकर्मी, नागरिक समाजका सदस्य एवं विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ताको सहभागिता थियो । यस अवसरमा स्कुल अफ डेमोक्रेसीले पनि राजधानीमा आज छलफल कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा उल्लेख्यरूपमा युवावर्गको सहभागिता रहेको थियो । कार्यक्रममा युवाले पटकपटक परिवर्तनका लागि सङ्घर्ष सफल भएपनि त्यसको स्थायित्वमा चुक्ने गरेकामा खबरदारी गरेका छन् । विसं २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्र बमोजिम विसं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनःस्थापना गर्नुभयो । जनताको विजय भएको खुसियालीमा विसं २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो । विसं २०५९ असोजमा संसद् विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृङ्खला चल्यो ।राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीनजनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गर्नुभयो । विसं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिनुभएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा माओवादीबीच १२ बुँदे समझदारी भयो । विसं २०६२ मङ्सिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । विसं २०६२ फागुनदेखि पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो । नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए । चक्रपथ मानव सागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्रमा सहमत हुनुभयो । आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद् पुनःस्थापनाको घोषणा गरी बैठकसमेत आह्वान गर्नुभयो । यसैले यस दिनलाई लोकतन्त्र दिवस भनिन्छ । यो दिन नै गणतन्त्रको जगका रूपमा स्थापित बन्यो ।

विसं २०६३ जेठ ४ गतेको संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गऱ्यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसलाई नेपाली म्याग्नाकार्टा पनि भनिन्छ । यसैको जगमा विसं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले दुई सय ४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो । पहिलो संविधानसभाले संविधान जारी गर्न नसकेपनि धेरै काम गरेको थियो ।

विसं २०७० मङ्सिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो । संविधानबमोजिम दुईपटक तीनै तहको निर्वाचन सम्पन्न भई आन्दोलनको बलमा बनेको संविधान कार्यान्वयन भइरहेको छ । सोअनुसार सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुराहमा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :


१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :


१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

## सिटिजन्स बैंक र पल्पसा प्याराडाइज होम बीच समझदारी

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र हेटौडा, मकवानपुर स्थित पल्पसा प्याराडाइज होम प्रा.लि. बीच सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्ड बाहेकहरुले




पल्पसा प्याराडाइज होममा २०प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वितहुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएकाआफ्ना १८२ वटा शाखा, १३९ वटा ए.टि.एम.३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १५ लाख ४० हजार भन्दा बढि ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदानगर्दै आएको छ ।

## हिमालयन बैंकको आर्थिक सहयोग

हिमालयन बैंकले ललितपुरस्थित नशारहित समाज नेपाल (उपचार केन्द्र) लाई बहुद्देश्यीय हल निर्माणका लागि पाँच लाख रुपैयाँ आर्थिक सहयोग प्रदान गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त संस्थालाई आर्थिक सहयोग गरेको हो । हाल देशका युवाहरू रक्सी तथा विभिन्न लागु पदार्थको कुलतमा फसेको पाइन्छ । यति मात्र नभइ यस्ता कुलतले उनीहरूलाई समाजमा विभिन्न अपराधमा पनि फसाइरहेको अवस्था छ ।



यस्तै, समस्यालाई समाजबाट हटाउन उक्त संस्थाले स्थापनाकालदेखि नै रक्सी तथा लागु पदार्थ सेवन गर्दै आएका विभिन्न उमेर समूहकालाई यस कुलतबाट छुट्कारा दिलाउन मद्दत गर्दै आएको छ । हाल सो सेन्टरले करिब एक सय जनालाई एकदमै न्यूनतम खर्चमा यस सेवाबाट सहयोग गरिरहेका छन् । बैंकका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणाले सो रकम एक समारोहका बीच बैंकका अन्य वरिष्ठ पदाधिकारीहरुको उपस्थितिमा उक्त संस्थाका अध्यक्ष सोनाम शेर्पालाई हस्तान्तरण गरेका हुन् ।

## ज्योति विकास बैंकको निःशुल्क महिला स्वास्थ्य शिविर

ज्योति विकास बैंकले शंखरापुर नगरपालिका वडा नं.०३, जहरसिंपौवा, काठमाडौंमा निःशुल्क पाठेघर क्यान्सर परीक्षण तथा स्तन क्यान्सर सचेतना शिविर सम्पन्न गरेको छ । उक्त शिविरमार्फत ६५ जना भन्दा बढी महिलाहरु




प्रत्यक्ष रुपमा लाभान्वित भएको बैंकले जनाएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्वको निम्ति स्थापित 'हाम्रो विकास प्रवर्द्धन कोषमार्फत शिविर आयोजना गरेको हो । पाठेघरको क्यान्सर जाँच, स्तन क्यान्सर बारे सचेतना, प्रारम्भिक पहिचान र रोकथाम गर्ने उद्देश्यका साथ बैंकले एक दिने स्वास्थ्य शिविर आयोजना गरेको हो । जनस्वास्थ्य सरोकार ट्रष्ट, लप्सेफेदी स्वास्थ्य चौकी, काठमाडौं मोडेल हस्पिटल र किर्तिपुर हस्पिटलको सहकार्यमा उक्त स्वास्थ्य शिविर सम्पन्न भएको हो । लप्सेफेदी स्वास्थ्य चौकीमा आयोजित कार्यक्रममा बैंकका तर्फबाट कम्पनी सचिव तथा प्रमुख बजार व्यवस्थापन अधिकृत बलदेव थापा, शंखरापुर नगरपालिका प्रमुख रमेश नापित, शंखरापुर वडा नं.०३ का वडा अध्यक्ष सूर्यबहादुर तामाङ लगायत विभिन्न संस्था तथा निकायका पदाधिकारीहरु, कर्मचारीहरु, ग्राहकवर्ग तथा स्थानीयहरुको उपस्थिति थियो ।

## सनराइज बैंक र भारतको इन्द्रप्रस्थ अपोलो हस्पिटलबीच सम्झौता

सनराइज बैंकले भारतको इन्द्रप्रस्थ अपोलो हस्पिटलसँग सम्झौता गरेको छ । उक्त सम्झौताअनुसार अब सनराइज बैंकका ग्राहकले आफ्नो तथा आफ्ना परिवारका सदस्यहरुको उपचारको क्रममा अपोलो हस्पिटल, भारतबाट प्राप्त हुने विभिन्न सेवा सुविधाहरुमा अधिकतम १० प्रतिशतसम्म छुट प्राप्त गर्ने छन् । यससम्बन्धी सम्झौतापत्रमा सनराइज बैंकका तर्फबाट बैंकका नायव महाप्रबन्धक रवीनकुमार नेपाल र हस्पिटलकातर्फबाट अन्तर्राष्ट्रिय मार्केटिङका




महाप्रबन्धक अजय भारद्वाजले आइतबार हस्ताक्षर गरे । इन्द्रप्रस्थ अपोलो हस्पिटल भारतस्थित एक प्रतिष्ठित अस्प्ताल हो, जसले विभिन्न १४० देशका ग्राहकहरुलाई सेवा प्रदान गर्दै आएको छ ।

उक्त सम्झौता अनुसार सनराइज बैंकका सबै ग्राहक वर्गले सनराइज बैंकको डेबिट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा साधारण परीक्षणदेखि भर्ना खर्चसम्ममा १० प्रतिशतसम्म छुटका साथै सबै मेडिकल अपोइन्ट्मेन्ट्हरुको समन्वय, विमानस्थलमा ल्याउने-पुर्याउने लगायत अन्य सेवा तथा सुविधाहरुमा अपोलो हस्पिटल अन्तर्गत भारतभरी रहेका ७३ वटै अस्पतालमा विशेष छुट प्राप्त गर्न सक्नेछन् ।

यो योजनाले सबै ग्राहक वर्गलाई लाभान्वित बनाउने आशा लिएको सनराइज बैंकले बनाएको छ । भविष्यमा थप सेवा सुविधा ग्राहक माझ ल्याउन सनराइज बैंकले बताएको छ । भारतमा उपचारको लागि जाने आम नेपालीको लागि लक्षित गरेर सनराइज बैंकले छुट्टै हेल्थ केयर पनि सञ्चालनमा ल्याइसकेको छ । अपोलो लगायत विभिन्न भारतीय अस्पतालमा उपचार गर्दा लाग्ने खर्च समेत सनराइज स्वास्थ्य योजना अन्तर्गत सोधभर्ना लिन सकिने बैंकले जनाएको छ ।

## नेपाल आँखा अस्पताललाई सिद्धार्थ बैंकको सहयोग

सिद्धार्थ बैंक लिमिटेडले नेपाल आँखा अस्पताललाई सहयोग गरेको छ । बैंकले आँखा शल्यक्रियाको लागि पाँच लाख रूपैयाँ आर्थिक सहयोग प्रदान गरेको हो । सो रकम बैंकका तर्फबाट त्रिपुरेश्वर सर्कल अफिस प्रमुख अजय




सिंह भण्डारीले नेपाल आँखा अस्पतालका अध्यक्ष डा. गोपाल प्रसाद पोखरेललाई हस्तान्तरण गरे ।

बैंकबाट प्राप्त उक्त सहयोग रकम नेपाल आँखा अस्पतालले काभ्रे, धादिङ, नुवाकोट र रसुवा जस्ता दुर्गम क्षेत्रका मोतिबिन्दु रोगीहरुको पहिचान गरि शल्यक्रिया गर्नका लागि उपयोग गर्ने जनाइएको छ ।

सो सहयोगबाट आर्थिक स्थिति कमजोर भएर मोतिबिन्दु रोगको उपचार गर्न नपाइरहेका विरामीहरुको दृष्टि सुधार गर्न मद्दत पुग्ने विश्वास लिएको बैंकले जनाएको छ ।

## कुमारी बैंक र सेलट्रोन नेपालबीच सम्झौता

कुमारी बैंकका क्रेडिट कार्ड वाहकले अब सेलट्रोन नेपाल प्रालिबाट अनर ब्राण्डका मोबाइल फोन खरिद गरी त्यसको भुक्तानी सुलभ मासिक किस्तामा सजिलै गर्न सक्नेछन् । डिजिटल कारोबारमा ग्राहक आकर्षित भइरहेको कुरालाई



मध्यनजर गर्दै डिजिटल कारोबारमा प्रोत्साहन गर्न कुमारी बैंकले यस सहकार्य मार्फत सेलट्रोन नेपालमा पाइने होनर ब्राण्डका विभिन्न मोबाइल फोनको भुक्तानी आफ्नो क्रेडिट कार्डमार्फत गर्न मिल्ने प्रावधान गरेको जनाएको छ ।

# अर्थ संसार

## महालक्ष्मी विकास बैंकको ऋणपत्र पूर्ण रुपमा बिक्री

महालक्ष्मी विकास बैंक लिमिटेडले २०७९ चैत्र २९ गतेदेखि निष्काशन खुल्ला गरेको "११ प्रतिशत महालक्ष्मी डिवेन्चर-२०८९" तोकिएको समयभित्रै अर्थात् बैशाख ४, २०८० भित्रै पूर्ण रुपमा बिक्री भइसकेको छ । दश वर्ष अवधि तथा वार्षिक ब्याजदर ११ प्रतिशत भएको "११ प्रतिशत महालक्ष्मी डिवेन्चर-२०७९" प्रति ऋणपत्र १ हजार रुपैंया अंकित मूल्यका दश लाख कित्ताले हुन आउने जम्मा रकम एक अर्ब रुपैयाँ बराबरको ऋणपत्रमध्ये ६० प्रतिशत रकम व्यक्तिगत तवरबाट र चालिस प्रतिशत रकम सर्वसाधारण नेपालीहरुको लागि सार्वजनिक निष्काशनबाट बिक्रीका लागि खुल्ला गरिएको थियो । इच्छुकले न्यूनतम २५ कित्तादेखि अधिकतम ४ लाख कित्ता सम्मको लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको उक्त ऋणपत्र खरीदका लागि




छिटोमा बैशाख ४ गते र ढिलोमा बैशाख १३ गतेसम्म आवेदन दिइसक्नुपर्ने व्यवस्था गरिएको थियो । यस बैंकको ऋणपत्र तोकिएको छिटो अवधि अर्थात् बैशाख ४ गते नै डेढ गुणाले भन्दा बढी खरिद भएको हो । ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा एनआईसी एशिया क्यापिटल लिमिटेडलाई नियुक्त गरिएको थियो । समय अवधि अगावै पूर्ण रुपमा बिक्री हुन सफल भएकोमा बैंकले सम्पूर्ण संस्थागत तथा व्यक्तिगत लागानिकर्ताहरुलाई हार्दिक आभार तथा धन्यवाद प्रकट गर्नुका साथै ऋणपत्र प्रतिको आकर्षण र बैंकप्रतिको विश्वासका लागि बैंकका प्रमुख कार्यकारी अधिकृत बोधराज देवकोटाले हार्दिक कृतज्ञता व्यक्त गरे । "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २८ वर्षदेखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर १०३ शाखा कार्यालयहरु र करिब ७ लाख ग्राहकहरु रहेका छन् ।

## मुक्तिनाथ विकास बैंक र ल्याण्डमार्क होटलबीच सम्झौता

मुक्तिनाथ विकास बैंक र ल्याण्डमार्क होटल एण्ड रिसोर्ट प्रालिबीच सम्झौता भएको छ । बैंकले आफ्ना भिसा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकलाई रिसोर्टको विभिन्न सेवामा विशेष छुट प्रदान गर्ने सम्बन्धमा सम्झौता भएको हो । सम्झौता पश्चात बैंकका भिसा डेविट कार्डवाहक तथा मोबाइल बैंकिङ ग्राहकहरूले ल्याण्डमार्क होटल एण्ड रिसोर्ट प्रालि अन्तर्गतका




विभिन्न स्थानमा (काठमाडौं, पोखरा, चितवन) रहेका होटेलमा ऐकोमोडेसन, फुड एण्ड बेभरेजमा विशेष १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । साथै, बैंकले मुक्तिनाथ विशिष्ट सहज कर्जा योजना अन्तर्गत दुई करोडसम्मको कृषि कर्जा, साना तथा मझौला व्यवसाय कर्जा, घर निर्माण-खरिद कर्जा, अटो तथा हायरपर्चेज कर्जा, सेयर कर्जा, शैक्षिक कर्जा, जग्गा खरिद तथा अन्य व्यक्तिगत कर्जाहरू सम्पूर्ण आवश्यक कागजात पूरा गरेको ३ कार्य दिन भित्र सर्वसुलभ ब्याजदरमा कर्जा स्वीकृत गरी प्रदान गर्ने सुविधा ल्याएको छ ।

## नेपाल एसबिआई बैंकको नयाँ कर्पोरेट अफिस सञ्चालनमा

नेपाल एसबिआई बैंकको कमलादी स्थित नयाँ कर्पोरेट अफिस सञ्चालनमा आएको छ । भारतीय स्टेट अफ एसबिआई बैंकका अध्यक्ष दिनेश खाराले एक कार्यक्रमका बीच नयाँ कर्पोरेट अफिसको उद्घाटन गरेका हुन् । उक्त समारोहमा भारतीय स्टेट बैंकका प्रमुख कार्यकारी अधिकृत चल्ला श्रीनिवासुलु शेट्टी, नेपाल एसबिआई बैंकका अध्यक्ष जयती बन्सल, नेपाल एसबिआई बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार दे, नेपाल एसबिआई बैंकका सञ्चालक अप्सरा उप्रेति, नेपाल एसबिआई बैंकका स्वतन्त्र सञ्चालक गोपाल पसाद भट्ट, बैंकका नायब प्रमुख आलम, एसबिआई कार्यकारी अधिकृत तथा प्रमुख वित्तिय अधिकृत मोहम्मद रिजवान आलम,बैंकका उपमहाप्रबन्धक प्रियरंजन, प्रमुख संचालन अधिकृत श्रीयादवेंद्र कांत, लगायतको सहभागीता रहेको थियो । यस अघि आइतबार नै बैंकले आफ्नो पशुपति क्षेत्र विकास कोषलाई हाई प्रेशर क्लिनर, वेट एण्ड ड्राई भ्याक्यूम क्लिनर र दश डस्टबीन प्रदान गरेको छ । आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले सो सहयोग गरेको हो ।

# अख्तियारको कार्यक्षेत्रमा पर्ने गरी विधेयक बनेपछि निजी क्षेत्र सशङ्कित

काठमाडौं । राष्ट्रियसभाबाट पारित भइसकेका अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक र भ्रष्टाचार निवारण पहिलो संशोधन विधेयकमा राखिएको प्रावधानहरूमाथि निजी क्षेत्रले विमति जनाइरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रभित्र निजी क्षेत्रलाई पनि समेट्ने गरी विधेयक राष्ट्रियसभाबाट पारित भएपछि निजी क्षेत्रको छाता सङ्गठनहरुले दबाब बढाएका हुन् । नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायतका संस्थाहरु विधेयकका यी व्यवस्था हटाउन माग राख्दै सरकार र संसद्लाई आग्रह गरिहेका छन् । राष्ट्रियसभाबाट प्रतिनिधिसभामा आएका ती दुई विधेयकलाई संशोधन गरेर यो प्रावधान हटाइनुपर्ने निजी क्षेत्रको माग छ ।

यही विषयबारे उद्योग वाणिज्य महासङ्घको टोलीले गत शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेको थियो । प्रधानमन्त्री दाहालले निजी क्षेत्रलाई असर पर्नेगरी सरकारले कुनै पनि कानुन नल्याउने भन्दै महासङ्घका प्रतिनिधिहरुलाई आश्वस्त पार्नुभएको थियो । निजी क्षेत्रसँगको भेटबारे प्रधानमन्त्रीको सचिवालयले सार्वजनिक गरेको प्रेस नोटमा अहिले अर्थतन्त्र सङ्कटको अवस्थामा रहेकाले निजी क्षेत्रलाई थप समस्या पर्नेगरी कुनै पनि काम सरकारले नगर्ने उल्लेख छ ।

"हाम्रो संविधानले निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ । अर्थतन्त्र सङ्कटमुक्त भइसकेको छैन । यस्तो परिस्थितिमा सरकार र निजी क्षेत्रबीच बलियो सहकार्य र एकअर्काको हितलाई सम्बोधन गरेर मात्र अर्थतन्त्रका चुनौती छिचोल्न सकिन्छ", प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै भनिएको छ, "निजी क्षेत्रलाई बेवास्ता गरेर वा नियन्त्रण गरेर राष्ट्रिय चुनौती सम्बोधन गर्न सकिँदैन भन्नेमा म एकदमै स्पष्ट छु । निजी क्षेत्रलाई बन्देज लगाउने वा नकारात्मक प्रभाव पार्नेगरी कुनै पनि कानुन बनाउँदैनौं ।"

त्यस्तै, निजी क्षेत्रका प्रतिनिधिले शनिबार नेकपा (एमाले)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई र आइतबार नेपाली कांग्रेस सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर यो विषयबारे जानकारी गराएको छ । तीन ठूला दलका शीर्ष नेताहरुसँगको भेटबारे महासङ्घले जारी गरेको विज्ञप्ति अनुसार उहाँहरुबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रसमेत हेर्ने गरी कानुनी व्यवस्था नहुने आश्वासन पाएको उल्लेख गरेको छ ।

त्यसैगरी, महासङ्घ टोलीले गत बिहीबार उपप्रधान एवम् कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पूर्णबहादुर खड्कासमेतलाई भेटिसकेको छ । सोही दिन कांग्रेस संसदीय दलको बैठकमा पनि निजी क्षेत्रले यो विषयबारे जानकारी गराएको थियो । कांग्रेसका सांसदहरु दिलेन्द्रप्रसाद बडु, हृदयराम थानी, बीरबहादुर बलायर, दीपक गिरी, सुनिल शर्मालगायतले यो निजी क्षेत्रलाई अख्तियारको कार्यक्षेत्रभित्र ल्याउन नहुने धारणा राख्नुभएको थियो ।

निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउँदा लगानीकर्ता हतोत्साही हुने छाता सङ्गठनहरुको भनाइ छ । संविधानको धारा २३९ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्र हेर्न नमिल्ने तर्क निजी क्षेत्रको छ ।

चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल निजी क्षेत्रका संस्थाहरुलाई नियमन अनुगमन गर्नका लागि छुट्टै नियामकीय संस्थाहरू रहेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई यस्तो अधिकार दिन नहुने बताउनुहुन्छ । "उद्योग, व्यापार व्यवसायको नियमनका लागि उद्योग विभाग, वाणिज्य विभाग, बैंक वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंकलगायतका नियामकीय संस्थाहरु छन् । एउटा नियामकमाथि अर्को थप्नु भनेको यसले काम गर्ने वातावरण खराब हुँदै जान्छ", मल्लले भन्नुभयो । सबै क्षेत्रमा नियमन गर्ने अधिकारसम्पन्न संस्था रहेकाले अख्तियारको क्षेत्राधिकार भित्र निजी क्षेत्र पर्न नहुने उहाँको भनाइ छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक र भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक चैत २८ मा राष्ट्रियसभा बाट पारित भएर प्रतिनिधिसभामा गइसकेका छन् । यी विधेयकले बैंक, वित्तीय संस्था, मेडिकल लगायतका संस्थाहरुलाई पनि सार्वजनिक संस्थाका रुपमा परिभाषित गरेर अख्तियारको कार्यक्षेत्रभित्र राखिएको छ । विधेयकले सार्वजनिक संस्थाका रुपमा 'नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानुनबमोजिम स्थापित आयोग, समिति, संस्थान प्राधिकरण, निगम, कम्पनी, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, बैंक मेडिकल कलेज र सोसम्बद्ध अस्पताल वा यस्तो प्रकृतिको अन्य कुनै सङ्गठित संस्था' भनी परिभाषित गरेको छ ।

# रहस्यमै छ कपनकी भाँडा ब्यवसायी नीरा हत्या प्रकरण

काठमाडौं । काठमाडौंको कपनस्थित सरस्वतीनगरमा वैशाख ७ गते मध्याह्नको समयमा एक भाँडा व्यवसायीको चक्कु प्रहारबाट भएको हत्या प्रकरण पाँच दिन पुग्दा पनि रहस्यमै छ ।

घटनाका दोषीको अझै पहिचान हुन सकेको छैन । अपराह्न २ देखि ३ बजेभित्रको समयमा पसलमा बसिरहेका बेला ३५ वर्षीया नीरा पाण्डे आचार्यको गुहार माग्न पनि नपाई हत्या भएको छ । चक्कुले शरीरका दर्जनौं ठाउँमा छियाछिया हुने गरी घोचेर हत्या गरिएको पाशविक घटनाले छिमेकहरु अझै तर्सिन्छन् । घटनास्थलमा नीरालाई देख्ने छिमेकीहरु दृश्य सम्झँदा पनि आङ नै जिरिङ्ग हुने बताउँछन् ।

दोषी पत्ता नलाग्दा स्थानीयवासी आक्रोशित हुन थालेका छन् । यता प्रहरीले सबै कोणबाट अनुसन्धान जारी रहेको बताइरहँदा पनि अपराधको साँघुरो घेरातर्फ अझै जान सकेको देखिँदैन ।

बागलुङ घर भएकी नीरा त्यहाँ झन्डै दशकदेखि भाडामा भाँडा पसल गर्दै आउनुभएको थियो । पसल उहाँको कोठाभन्दा केही मिनेटको दूरीमा छ । त्यही कोठा भएको घरमा श्रीमान् योगेशको इलेक्ट्रोनिक्स पसल छ र त्यस दिन योगेश पनि इलेक्ट्रोनिक्स पसलमै हनुहुन्थ्यो ।

दुवै जना आआफ्नै व्यवसायमा हाँसीखुसी नै थिए । तर वैशाख ७ गते योगेशका लागि साढे सात बनेर आयो । एक छोरीकी आमा नीरालाई चक्कुले घोचेर हत्या गरिँदा उक्त घटनाबारे न छिमेकले सुइँको पाए, न श्रीमान् योगेशले ।

अहिले त प्रहरीलाई समेत घटनाको सत्यतथ्य पत्ता लगाउन हम्मेहम्मे परिरहेको छ । "केस अलि लटिल नै छ, तर हामी दोषी पत्ता लगाउँछौं", जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक सीताराम रिजालले भन्नुभयो, "अहिले नै घटना यसै हो भनेर अनुमान गर्न सकिने देखिँदैन ।" उहाँले हरेक कोणबाट अनुसन्धान गरिरहेको र त्यसको घेरालाई 'न्यारो डाउन' गर्दै ल्याइएको जिकिर गर्नुभयो ।

प्रहरीका अनुसार घटना साढे २ पछि ३ बजेअघि नै भएको हो । पसलमा उधारो तिर्न आएका व्यक्तिले खबर गरेपछि मात्रै घटनाबारे प्रहरीमा खबर पुगेको थियो । प्रहरी पुग्दा नीरा गम्भीर अवस्थामा हुनुहुन्थ्यो । महाराजगञ्जस्थित शिक्षण अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए । अहिले जिल्ला प्रहरी परिसर काठमाडौं र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले घटनाको अनुसन्धान गरिरहेको छ । पाँच दिन बित्दासमेत घटनाका दोषी पहिचान गर्न नसकेपछि स्थानीयवासी प्रभावित भएका छन् । आइतबार उनीहरुले घटनाको सत्यतथ्य पत्ता लगाउन र दोषी पक्राउ गर्न भन्दै घटनास्थलमा प्रदर्शनसमेत गरे ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक, रवीन्द्र रेग्मीको नेतृत्वमा त्यहाँका प्रहरी नायब उपरीक्षक गोविन्द पन्थीसहितको टोली र जिल्ला प्रहरी परिसरले बौद्धका प्रहरी नायब उपरीक्षक हरि बस्नेतको नेतृत्वमा अनुसन्धान टोली खटाएको छ । तर अनुसन्धानमा खटिएका अधिकृतहरु भने अहिलेसम्म यही कारण हो भनेर यकिन गर्न सकिरहेका छैनन् ।

भाँडा पसलमा सिसी क्यामरासमेत नभएको र सडकका क्यामेराले नभेटेको प्रहरीले बताएको छ । प्रहरीले आसपास क्षेत्रमा रहेका सिसी क्यामेराका फुटेजबाट समेत अनुसन्धान गरिरहेको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक श्यामलाल ज्ञवाली घटनाका विषयमा गहिरो अनुसन्धान जारी रहेको र अहिलेसम्म सम्भावित आशङ्का र सम्भावनाहरु माथि अनुसन्धान जारी रहेको बाउनुहुन्छ । उहाँले कर्तव्य ज्यान अन्य आर्थिक अपराध जस्तो नहुने उल्लेख गर्दै अहिले यही कारण हो भन्न नसकिने बताउनुभयो ।

### यसरी भएको थियो घटना

त्यस दिन नीरा पसलमा एक्लै हुनुहुन्थ्यो । भाँडा पसलको पछाडि अलि भित्र काउन्टर छ । प्रायः पसलमा ग्राहक नआएका बेला उहाँ त्यतै बस्नुहुन्थ्यो । यही बेला नै एकान्तको छेको पारेर उहाँमाथि आक्रमण भएको थियो । पसलको अघिल्लो भागमा छिमेकीले देख्ने भएकाले भित्र गएका बेला पारेर नै आक्रमण भएको प्रहरीको अनुमान छ । काउन्टर पछाडि भएकाले वरपरसमेत घटनाबारे थाहा हुन सकेन । दर्दनाक हत्याको कसैले सुइँको समेत पाएनन् ।

प्रहरीका अनुसार त्यस समय एकजना चिनजानकै महिला भाँडा किनेको उधारो तिर्न भाँडा पसलमा आउनुभएको थियो । पसलमा नीरालाई देख्नुभएन । त्यसपछि उनका श्रीमानलाई फोन गरेर कोही छैन दोकानमा भनेर सोध्नुभयो । श्रीमानले पछाडि काउन्टर छ, त्यतैतिर होलिन् भित्र गएर हेर्नु न भन्ने जवाफ दिए । भित्र काउन्टर नजिक गएर हेर्दा एउटा बोरा देखियो । अलि नजिक गएर हेर्दा रक्ताम्मे अवस्थामा नीरा ढलिरहेकी देखेपछि अत्तालिएर उहाँले नै प्रहरीलाई खबर गर्नुभएको थियो ।

प्रहरीका अनुसार नीराको शरीरमा धारिलो हतियार (चक्कु)ले विभिन्न ठाउँमा घोचेको, ठाउँठाउँमा छियाछिया हुने गरी काटेको, हातमा कोपिएको पनि छ । उनले प्रतिकार गर्न खोजेकोसमेत देखिएको अनुसन्धानमा खटिएका प्रहरी बताउँछन् ।

यसअघिका चक्कु प्रहार भएका घटनामा सिधै घाँटीमा हान्ने, वा अन्य संवेदनशील अङ्गमा पुग्ने गरी धारिलो हतियार प्रहार भएका पाइएका थिए । तर नीराको हत्या फरक प्रकृतिले गरिएको प्रहरी नै बताउँछन् । ठाउँठाउँमा चक्कु हानेर तड्पाएर हत्या गरिएको जस्तो देखिएको छ । रगत बढी आउने ठाउँ खोजेर चक्कु हानिएको छ ।

नीराले घटना हुने केही घण्टा अघि आफ्नो पसलमा लामखुट्टे धपाउने ब्याट आएको प्रचार गर्न बनाएको भिडियो हेर्दा पारिवारिक समस्या भए जस्तो नदेखिने अनुसन्धान अधिकृतहरु बताउँछन् । प्रहरी स्रोतले व्यावसायिक रुपमा अपराध गर्नेहरुबाटै घटना भएको अनुमान गरेको छ । आफ्नै व्यवसायमा तल्लीन नीरालाई केही घण्टामै आफ्नो जीवन समाप्त हुँदैछ भन्ने के थाहा । त्यस दिन ठीक ११:२१ बजेको समयमा नीराले फेसबुकमा 'लामखुट्टे तथा किरा धपाउने ब्याट चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला' शीर्षक राखेर टिकटकको भिडियो राख्नुभएको छ ।

भिडियोमा भनिएको छ, "के तपाईंहरु लामखुट्टेको टोकाइबाट ग्रसित हुनुभएको छ ? अब नआत्तिनोस्, हामीहरुले ल्याएका छौं लामखुट्टे मार्ने इलेक्ट्रिक ब्याट, यो सरल र सहज तरिकाबाट प्रयोग गर्न सकिन्छ, एकदम सस्तो मूल्यमा पनि पाइन्छ, यसबाट बच्नका लागि हजुरहरुले छिट्टै अर्डर दिनुहोस् र लामखुट्टेबाट बच्नुहोस् र डेङ्गु रोग लाग्नबाट बच्नुहोस्, धन्यवाद ।"विडम्बना उहाँको रोगबाट बच्न दिएको सार्वजनिक सन्देश नै अन्तिम हुन पुगेको छ ।

# ठमेललाई विशेष पर्यटकीय नगरी बनाउन माग

काठमाडौं । सङ्घीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय क्षेत्र ठमेललाई विशेष पर्यटकीय नगरी बनाउन माग गरिएको छ । काठमाडौं महानगरपालिका २६ ले आयोजना गरेको सार्वजनिक सुनुवाइ तथा आव २०८०/८१ को वार्षिक योजना तर्जुमा कार्यक्रममा महानगरपालिकाको २६ नम्बर वडामा पर्ने ठमेललाई विशेष पर्यटकीय नगरी बनाउन माग गरिएको हो । कार्यक्रममा ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले अन्तर्राष्ट्रिय जगतमा चीरपरिचित ठमेललाई विशेष पर्यटकीय नगरी घोषणा गर्नुपर्ने बताउनुभयो । "नेपाल घुम्न आएकामध्ये ८० प्रतिशत विदेशी पर्यटक ठमेल आउने गरेका छन्, यसलाई विशेष पर्यटकीय नगरी घोषणा गर्नसके काठमाडौं महानगरपालिका र ठमेलको सान अन्तर्राष्ट्रियस्तरमा बढ्न सक्थ्यो", उहाँले भन्नुभयो । अध्यक्ष शर्माले ठमेल क्षेत्रमा करिब १० हजार व्यवसाय सञ्चालन रहेको र ५० हजार व्यक्तिले प्रत्यक्ष रुपमा रोजगारी पाएको बताउनुभयो । उहाँले ठमेल क्षेत्रका भित्रि गल्लीहरु कालोपत्रे गर्नुपर्ने, सडक बत्ती तथा सिसी क्यामरा जडान गर्न वडा लाग्नुपर्ने बाँकी ६ पृष्ठमा

# खेलकुद

## प्रदेशस्तरीय कबड्डीको उपाधि कैलाली र कञ्चनपुरलाई

महेन्द्रनगर । कञ्चनपुरको महेन्द्रनगरमा सम्पन्न सुदूरपश्चिम प्रदेशस्तरीय १३औं राष्ट्रपति रनिङ शिल्ड छनोट प्रतियोगिताको उपाधि कैलाली र कञ्चनपुरले जितेका छन् । फाइनल खेलमा छात्रतर्फ बैतडीलाई पराजित गर्दै कैलाली र छात्रातर्फ कैलालीलाई हराउँदै कञ्चनपुरले उपाधि जितेको हो । प्रतियोगितामा उपाधि विजेता खेलाडीहरूलाई मेडल/प्रमाणपत्रसहित पुरस्कृत गरिएको छ ।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्को आयोजनामा सम्पन्न भएको प्रतियोगितामा सुदूरपश्चिमका नौवटै जिल्लाका छात्रा/छात्र टोली सहभागी थिए । कञ्चनपुरका कबड्डी प्रशिक्षक विष्णुदत्त भट्टले प्रदेशबाट छनोटमा परेका छात्र/छात्राको टोली आगामी वैशाख १५ गतेदेखि काठमाडौंमा हुने राष्ट्रिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने जानकारी दिनुभयो ।"छात्र/छात्राको छनोटपछि केही दिन खेलाडीहरू महेन्द्रनगरमै बन्द प्रशिक्षणमा रहन्छन्", प्रशिक्षक भट्टले भन्नुभयो, "राष्ट्रपति शिल्डमा पदकका लागि सुदूरपश्चिमको कबड्डी टिमको पनि सम्भावना धेरै छ ।"

## कर्णालीको पर्यटन प्रवर्द्धनका लागि जुम्ला-रारा अल्ट्रा म्याराथन

जुम्ला । कर्णालीको पर्यटन प्रवर्द्धनका लागि चौथो जुम्ला-रारा अल्ट्रा म्याराथन आज सुरु भएको छ । जुम्लाको चन्दननाथ मन्दिरदेखि मुगुको रारा तालसम्मको ४९ किलोमिटर दूरीको अल्ट्रा म्याराथन सुरु भएको हो । हरेक वर्ष लोकतन्त्र दिवसका अवसर पारेर जुम्ला-रारा अल्ट्रा म्याराथन आयोजना गर्दै आएको कर्णाली स्पोर्ट क्लब जुम्लाका अध्यक्ष सरोज शाहीले बताउनुभयो । शून्य प्वाइन्ट खलङ्गादेखि सुरु भएर डाँफे लेक, त्यौरीघाट, चौथा, डाब, चुचेमारा, मिलीचौर हुँदै राराताल्को छेउ हट्ठमा पुगेर अन्तिम बिन्दु तोकिएको छ । क्लबका अध्यक्ष शाहीले भन्नुभयो,"म्याराथनमा विभिन्न विधामा गरेर २८ खेलाडीलाई पुरस्कृत गरिने भएको छ ।

म्याराथनमा प्रथम हुनेलाई रु एक लाख, द्वितीय हुनेलाई ७५ हजार, तृतीय हुनेलाई ५० हजार तथा चौथो र पाँचौंलाई २०-२० हजारप्रदान गरिने गरिने छ ।" म्याराथनको उद्घाटन गर्न जुम्ला पुग्नुभएका कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्माले कर्णाली क्षेत्रको पर्यटन प्रवर्द्धन गर्नका लागि प्रदेश सरकारले यहाँका पर्यटकीय स्थानको पहिचान गरी आवश्यक सहयोग गर्न प्रदेश सरकारले बजेटको अभाव हुन नदिने बताउनुभयो । कर्णाली पर्यटन क्षेत्रको सम्भावना बोकेको प्रदेश भएकाले सङ्घीय सरकारसँग सहकार्य समन्वयको माध्यमबाट काम गरिने मुख्यमन्त्री शर्माको भनाइ छ । जुम्लामा यसअघि तीनवटा म्याराथनका प्रतियोगिता भइसकेका छन् । हरेक प्रतियोगितामा तीन सयदेखि चार सयको हाराहारीमा विभिन्न देशका १८ जिल्लाका साथै बेलायत, नेदरल्यान्ड्स, भारत, इटाली, अमेरिकालगायतका देशबाट खेलाडी सहभागी हुने गरेका थिए । यो वर्ष नेपालका १९ जिल्लाकासहित अमेरिकाका दुई, भारतका एक, आयरल्यान्डका एक र बेलायतका एक खेलाडी सहभागी भएकाछन् ।

## युएईले दियो सिङ्गापुरलाई चार सय ७२ रनको विशाल लक्ष्य

काठमाडौं । एसिसी प्रिमियर कप एकदिवसीय क्रिकेट प्रतियोगिता अर्न्तगत भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले सिङ्गापुरलाई जितका लागि चार सय ७२ रनको विशाल लक्ष्य दिएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको युएईले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै चार सय ७१ रनको योगफल तयार गरेको हो । युवा ब्याटर वृत्य अरविन्दले सर्वाधिक एक सय ७४ रनको योगदान दिए । एक सय ३३ बल खेलेका उनले १७ चौका र सात छक्काको मद्दतमा एक सय ७४ रन जोडेका हुन् ।

त्यसैगरी युएईका कप्तान मोहम्मद वासिमले उक सय ६० रन जोडे । उनले ८२ बलमा नौ चौका र १६ छक्काको मद्दतमा एक सय ६० रन बनाएका हुन् । आयन अफजल खानले ७४ रन बनाए । उनले ५० बलमा नौ चौका तीन३ छक्कासहित ७४ रन बनाएका हुन् ।

यस्तै युवा ओपनर आर्यन लाक्रा सात बलमादुई २ चौकासहित १२ रनमा आउट भए । आसिफ खान ११ तथा रोहन मुस्तफा तीन रनमा आउट भए । बलिङतर्फ सिङ्गापुरका आदित्य भर्गवले चार विकेट लिए भने रमेश कलिमुथुले तीन विकेट हात पारे । त्यस्तै विनोथ भास्करनले दुई विकेट लिदाँ मनप्रित सिंहले एक विकेट लिए ।

## ओमनले मलेसियालाई हरायो

काठमाडौं । एसिसी प्रिमियर कप एक दिवसिय क्रिकेट प्रतियोगितामा ओमनले मलेसियालाई आठ विकेटले पराजित गरेको छ ।

मूलपानी क्रिकेट मैदानमा भएको खेलमा मलेसियाले दिएको दुई सय २८ रनको विजयी लक्ष्य पछ्याएको ओमनले ४१ दशमलव चार ओभर मा दुई विकेट गुमाउँदै पूरा गऱ्यो ।

ओमनका लागि जितेन्द्र सिंहले सर्वाधिक एक सय एक रनको योगदान दिए । उनलेएक सय ११ बलमा १३ चौका र एक छक्काको मद्दतमा अविजित उक सय एक रनको योगदान गरेका हुन । त्यस्तै कस्यप प्रजापतिले ६६ रन जोडे भने जिसन मक्सुदले ५२ रन बनाए । बलिङतर्फ मलेसियाका मुहम्मद अमिरले दुई विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसियाले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर दुई सय २७ रन बनाएको थियो । मलेसियाका लागि विरनदीप सिंहले सर्वाधिक ९४ रनको योगदान दिएका थिए भने मुहम्मद स्याहदातले ५५ रन बनाए । बलिङतर्फ ओमनका जिसन मक्सुदले चार विकेट लिए भने आयन खान र विलल खानले समान दुई/दुई विकेट लिए ।

## स्वतन्त्र.....

दुई तिहाईको पार्टी बनाएको थियो । २०६४ मा नेकपा माओवादीलाई ठुलो पार्टी बनाएको थियो । २०७४ मा नेकपा एमालेलाई ठुलो पार्टी बनाएको थियो । २०७९ मा नेपाली काँग्रेसलाई ठुलो पार्टी बनाएको छ । भीडले पार्टी ठुलो बनाउन त सक्दो रहेछ । तर देशको अर्थतन्त्र, विकास, उन्नती, शुसान ठुलो बनाउन सक्दो रहेनछ । त्यसको लागि त नीति अर्थात सिस्टम बनाउन सक्ने क्षमता चाहिदो रहेछ । यस्तो नीतिको लागि रास्वपाले पनि बनाएको बनाउन तयारी गरेको देखिदैन ।

नेपालका राजनीति बाई पोडक्ट भन्ने आरोपवाट रास्वपा बच्ने हो भने चाडो भन्दा चाडो बाई पोडक्ट होइन यो यो कारणले होइन । हामी माई पोडक्ट हो । माई पोडक्ट यो हो भनेर नेपालीलाई आत्मनिर्भरमुखि योजना अडगाडी सार्न सक्नुपर्छ ।

त्यति गर्न सकेन भने पनि आउदो निर्वाचनमा भीडले ठुलो पार्टी बन्न सक्ला देशले थेग्नै नसक्ने गरी बढ्दै गएको बिकृतिमा कमी आउन सक्दैन । त्यसकारण रास्वपाले यस्ता नीतिकारहरुको खोजी गरेर भएपनि देशलाई निकास दिने तर्फ ध्यान दिनुपर्छ । यदि त्यसो गर्न सक्दैन भने भीडलाई नबढाएकै राम्रो ।

## निर्वाचन....

मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने दुई हजार तीन सय ७३ जना उम्मेदवार र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मा उम्मेदवारी दिई प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने तीन हजार एक सय ८८ जना उम्मेदवारहरु सात दिनको म्याद दिई खर्च विवरण सार्वजनिक गर्न यही वैशाख ६ गते निर्देशन दिने निर्णय गरेको थियो ।

## अठार ......

१५ टन फोहोर जम्मा भएको कामपाको अनुमान छ । कामपाको पूर्वाधार सल्लाहकार सुनिल लम्सालका अनुसार केन्द्र सरकारले स्थानीय सरकारलाई सहयोग नगरेकाले कामपाले यस्तो कदम चाल्नुपरेको बताउनुभयो । लम्सालका अनुसार आजदेखि फोहोर व्यवस्थापनको काम सुरु भएको छ । कम्तीमा चार दिनभित्र तीनैवटै स्थानको सबै फोहोरको अन्तिम विसर्जन हुन्छ । गत मङ्सिरमा थापाथली स्थित बागमती किनाराका सुकुम्बासी बस्ती हटाउने काम होस् या गत चैत २४ गते तीनकुनेदेखि सिनामङ्गल सम्मको सुकुम्बासी बस्तीमा डोजर चलाउनका लागि पनि केन्द्र सरकारको सहयोग नरहेको गुनासो कामपाको छ । हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिक टन फोहोर अन्तिम व्यवस्थापनस्थल

बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । त्यसमध्ये सबैभन्दा बढी कामपाको पाँच सय मेट्रिक टन फोहोर जान्छ । निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा दुई सय गाडीले उक्त स्थानमा फोहोर ओसार्छन् ।

अन्तिम फोहर व्यवस्थापन स्थान बञ्चरेडाँडामा दैनिक एक हजारदेखि एक हजार दुई सय मेटिक टनसम्म फोहोर जाने गरेको छ । उपत्यकाको १८ पालिकाको फोहोर दैनिकरूपमा उक्त स्थानमा पुग्छ । सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहोर व्यवस्थापन गरिँदै आएको छ ।

## मनाइयो....

गरेका छन् । यो परिवर्तनको प्रवेशद्वार भएकाले वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रूपमा मनाउने गरिएको छ । तर पछिल्लो समय यो दिनलाई बिर्सन लागिएको भन्दै चिन्तासमेत प्रकट हुन थालेको छ ।

## फेवाताल....

विभागले पुनःनिर्माणको कार्य अगाडि बढाएका हुन् । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष हिक्मतबहादुर कुँवरले भूकम्पकै कारण मन्दिर छेउमा रहेका दुई गोदाम कोठाको दक्षिणतर्फको भाग दबेपछि ती कोठा हटाइसकेको जानकारी दिनुभयो । विसं २०१७ मा तत्कालीन राजा महेन्द्रले अहिलेको स्वरूपमा मन्दिर निर्माण गर्नुभएको थियो । पुरातत्व विभागको प्रत्यक्ष संलग्नतामा मन्दिर पुनःनिर्माण गर्न लागिएको हो । मन्दिर पुनःनिर्माण सम्पन्न गर्न रु एक करोड ४० लाख खर्च लाग्ने जानकारी अध्यक्ष कुँवरले दिनुभयो । प्यागोडा शैलीमै कालीगढ मगाएर वर्तमान स्वरूपमै मन्दिर पुनःनिर्माण गर्न लागिएको उहाँले बताउनुभयो । बाराही देवीको मूर्ति सुरक्षित राखिएको र त्यहाँ पुरातत्व विभागका कर्मचारीकोसमेत निगरानी रहिरहेको छ । कास्कीका तत्कालीन राजा कुलमण्डन शाहले सर्वप्रथम खरको झुप्रो बनाई मन्दिर स्थापना गरेका थिए । यस मन्दिरको अस्तित्व विसं१६६९ देखि कायम रहिआएको छ । कतैकतै विसं १४४७ देखि अस्तित्वमा रहेको भन्ने अभिलेख पनि पाइन्छ । प्राचीनकालमा माटाको ढिस्कोमा एउटा शिला थियो । त्यहीँ मन्दिर स्थापना गरी बाराहीका रूपमा पुजिन थालिएको मन्दिरका पुजारी पर्शुराम पहारीले सुनाउनुभयो । पर्यटकीयरूपमा प्रसिद्ध मानिएको मन्दिरमा सबै धर्मका व्यक्तिले पूजाआजामा प्रवेश पाउँछन् ।

"मन्दिर पुनःनिर्माण गर्नका लागि पुरातत्व विभाग र मन्दिर व्यवस्थापन समितिबीच सम्झौता भई एक महिनायता मन्दिरको पुनःनिर्माणको कार्य सुरु भएको छ", अध्यक्ष कुँवरले भन्नुभयो,"मन्दिर पुनःनिर्माणका लागि पुरातत्व विभागले रु २५ लाख र बाराही मन्दिर व्यवस्थापन समितिले रु एक करोड १५ लाख जुटाउने सम्झौतामा उल्लेख छ । मन्दिर पुनःनिर्माणका लागि आवश्यकपर्ने रकममध्ये मन्दिरको कोषमा अहिले रु ६५ लाख रहेको र अपुग रकम पोखरा महानगरपालिका र अन्य सहयोगदातासँग सङ्कलन गरिने जानकारी तालबाराही मन्दिर गुठी व्यवस्थापन समितिका सहसचिव महेश्वर पहारीले दिनुभयो । मन्दिर पाँच महिनाभित्र नै पुनःनिर्माण गरिसक्ने योजनाका साथ काम अगाडि बढाइएको छ । पर्यटकीय सुन्दर नगरी पोखरास्थित यो मन्दिर कास्कीका घुम्नैपर्ने ठाउँको सूचीमा अग्रपङ्क्तिमा आउँछ । मन्दिरमा पर्यटकको दैनिक घुइँचो लागिरहन्छ । माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा परेको दृश्य मन्दिरबाट मनोरम देखिन्छ । कोजाग्रत पूर्णिमालगायत अन्य धार्मिक पर्वहरूमा यहाँ मेला लाग्दछ ।

तालको बीचको भाग अर्थात मन्दिर भएको ठाँउको क्षेत्रफल कम तर स्वदेशी तथा विदेशी पर्यटक र दर्शनार्थीको भीड बढी हुनुकासाथै असिना पानी आउँदा मन्दिरमा पुग्ने मानिसले दुःख कष्ट पाउने गरेका कारण मन्दिर परिसरमा भौतिक संरचना निर्माण गर्नेबारेमा रु १५ करोडको गुरु योजनासमेत अगाडि सारिएको सहसचिव पहारीले जानकारी दिनुभयो । स्थानीय प्राडा भरत पहारीको संयोजकत्वमा इञ्जिनियर सहितका विज्ञ टोली गुरुयोजनामा विभिन्न संरचनालाई समेटेर अगाडि बढ्ने छ । विज्ञ टोलीका संयोजक पहारीका अनुसार मन्दिर पुनःनिर्माणको कार्यसम्पन्न भएपछि मन्दिर वरपरको भागलाई सदुपयोग गर्न र एक सय वर्षसम्म मन्दिर पुग्ने भक्तजनलाई ठाउँको अभाव हुन नदिन भइरहेको प्राकृतिक संरचनालाई असर नपर्ने गरी भूमिगत भौतिक संरचना निर्माण गरिनेछ । भौतिक संरचनादेखि बगैंचा र धार्मिक अनुष्ठान गर्ने ठाउँ बनाइनेछ । तालबाराही मन्दिर व्यवस्थापन समिति सल्लाहकार तथा स्थानीयवासी७७ वर्षीय रमेशबहादुर भट्टराईले अग्रज पुर्खाको भनाइअनुसार परापूर्वकालमा फेवाताल भएको ठाउँमा बस्ती थियो । एक दिन बेलुका एक वृद्ध जोगी बास माग्दै आए त्यो बस्तीमा । कसैले बास नदिएपछि उनी एक वृद्धाकहाँ पुगे । वृद्धाले बास बस्न दिइन् । तर, खान भने ढुटोको रोटी मात्रै भएको सुनाइन् । वृद्ध जोगी तयार भएर त्यही खाएर सुते ।घरबाहिरै सुतेका जोगीले बिहान हिँड्नु अगाडि वृद्धालाई भने "यो गाउँ चाँडै जलमग्न हुनेछ । तपाइँ भने अग्लो ठाउँमा चाँडै जानू ।" जोगी हिँडेको केही समयलगत्तै स्वाँ... आवाज आयो । स्वाँ... सँगै पानी बढेर आयो । बस्तीमा पानी आउन थाल्यो । जोगीको सल्लाह अनुसार वृद्धा अग्लो ठाउँमा गएर बाँचिन् । फेरि एक दिन विशाल वर्षा आयो । वर्षापछिको डुबानले मूर्ति बगाएर अहिलेको मन्दिर भएको ठाउँमा ल्यायो । तालको बीचमा टापु बनेको र त्यहीँ मन्दिर स्थापना गरिएको इतिहास पनि निकै रोचक छ । कास्कीका राजा कुलमण्डन शाहलाई मूर्ति स्थापना गरी पुज्नु भन्ने सपना आयो । उनले सपनाअनुसार मूर्ति स्थापना गरेर पूजा गर्न राज्यकै तहबाट लाए । क्रमशः विकास हुँदै मन्दिर अहिलेको अवस्थामा आएको हो । त्यहीँ ढिस्कोमा तालवाराही देवीको शिलाराखी पुजिँदै आएको किंवदन्ती छ । फेवाताल आफैँमा प्रसिद्ध गन्तव्य हो । तेइस दशमलव ३० मिटर गहिराइ,चार दशमलव ४६ किमी लम्बाइ तथा दुई किमी चौडाइको नेपालको पर्यटकीय ताल हो फेवाताल । त्यही तालको एक धेरै पुरानो मन्दिर हो ताल बाराही भगवतीको मन्दिर । यसमा पूजा आजाको प्रारम्भ विसं १४६७ बाट भएको हो भने विसं १८६८ देखि नित्य पूजाआजा सुरु भएको पाइन्छ । सामान्य अवस्थामा रहेको मन्दिरलाई झुप्रोबाट उठाउन तत्कालीन राजा महेन्द्रले विसं २०१७ मा अहिलेको स्वरूपमा मन्दिर निर्माण गरिदिएपछि यसले थप चर्चा पाउन थालेको हो । मन्दिर व्यवस्थापन समितिको स्थापना भने विसं २०५३ मा आएर मात्रै भएको थियो । हिकमतबहादुर कुँवरको नेतृत्वमा प्रथम व्यवस्थापन समिति बनेको थियो । तालको किनाराबाट पाँच मिनेटभित्रै डुङ्गा चढेर बाराही मन्दिरसम्म पुग्न सकिन्छ । प्राकृतिक मनोरम दृश्यले यहाँ पुग्ने जो कोहीलाई आनन्दित तुल्याउनुका साथै तालबाराहीको दर्शन गरेपछि मनले चिताएको पुग्ने धार्मिक विश्वासले पनि सबैलाई आकर्षित गरेको छ । कूल तीन रोपनी आठ आना दुई दाम क्षेत्रफलमा फैलिएको यस मन्दिरकोसंरक्षण एवं पूर्वाधार विकासमा तालबाराही मन्दिर संरक्षण/गुठी व्यवस्थापन समिति क्रियाशील रहँदै आएको छ । तालको बीचमा मन्दिर अवस्थित छ भन्ने सुनेर पनि टाढाटाढाबाट दर्शनार्थी फेवाताल आउने गरेको जानकारी पोखरा ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले बताउनुभयो । तालमा देखिने माछापुच्छ्रेहिमालको छायाँ र मन्दिर परिसरबाट देखिने अन्नपूर्ण मिहालको शृङ्खला, सराङ्कोट, विश्वशान्ति स्तूप, काँहुडाँडा, पुम्दीकोट, जस्ता सम्पदाले पर्यटकलाई लोभ्याउने गरेको उहाँले सुनाउनुभयो । मन्दिर गुठीका नाउँमा खेत र केही रोपनी जङ्गलसमेत रहेको छ । 'फेवा' गाउँको छेउमा रहेकाले यो तालको नाम फेवा ताल रहन गएको हो। 'बैदाम' गाउँको छेउमा पर्ने हुँदा बैदाम ताल पनि भनिने गरिन्छ। यसको बीचमा 'बाराही मन्दिर'को अवस्थितिले यसलाई बराह मन्दिरबाट पनि चिनाउन सकिन्छ । यो नेपालको दोस्रो सबैभन्दा ठूलो ताल हो । फेवा ताल समुन्द्रको सतहदेखि सात सय ४२ मिटर (दुई हजार चार सय ३४ फिट) को उचाइमा रहेको छ । यस तालले लगभग पाँच दशमलव २३ वर्ग किमी (दुईवर्ग माइल) क्षेत्रफल ओगटेको छ । यस तालको औसत गहिराइ आठ दशमलव छ मिटर (२८ फिट) रहेको छ भने अधिकतम गहिराइ २४ मिटर (७९ फिट) रहेको छ । यस तालको अधिकतम जल क्षमता लगभग चार करोड ३० लाख क्युविक मिटर ( ३५ हजार एकड फिट) रहेको छ । यस तालको उत्तर दिशामा अन्नपूर्णा हिमशृङ्खला रहेको छ, जुन २८ किमीको दूरीमा छ । यो ताल माछापुच्छ्रे,अन्नपूर्णा र धौलागिरि तथा अन्य पर्वतको टाकुराको प्रतिविम्बका लागि पनि प्रसिद्ध छ, जुन यस तालको पानीमा स्पष्ट देखिन्छ ।

## ठमेल....

बताउनुभयो । सार्वजनिक कार्यक्रममा ठमेल पर्यटन विकास परिषद्ले पर्यटन सूचना केन्द्र स्थापना हुनुपर्ने, ठमेल प्रवेशद्वार चाँडो सञ्चालन गर्नुपर्ने, ठमेलभित्र सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने, ठमेल भित्रका सम्पदालाई रङरोगन गर्नुपर्ने माग गरेको छ । कार्यक्रममा नयाँ बसपार्कस्थित मित्रनगर विकास तथा टोल सुधार समितिका अध्यक्ष दीपक सिम्खडाले मित्रनगरभित्रका बाटो चाँडो कालोपत्रे गर्न माग गर्नुभयो । वीरेन्द्र ऐश्वर्य मार्ग समितिका अध्यक्ष उमाशङ्कर दवाडीले पानी जम्ने बाटो चाँडो कालोपत्रे गर्न माग गर्नुभयो । गोगबु आवास क्षेत्रका महासचिव तिलबहादुर अधिकारीले गोगबु आवास क्षेत्र प्रवेशद्वार चाँडो निर्माण गर्नुपर्ने बताउनुभयो । कार्यक्रमका अधिकांश वडावासीले वडाभित्रका सडक चाँडो कालोपत्रे गर्नुपर्ने, फोहर व्यवस्थापन समयमा हुनुपर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण हुनुपर्ने, वडावासीलाई प्रदान गरिने औषधि समयमा पाउनुपर्नेलगायत माग राखेका थिए । वडाध्यक्ष ख्यामराज तिवारीले मेलम्ची खानेपानी आयोजनाको पाइपलाइन विस्तार र बिजुलीको तार अण्डरग्राउण्ड गर्दा वडाभित्रका ८० प्रतिशत बाटो बिग्रिएको भन्दै उक्त समस्या चाँडो समाधान हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँले आगामी वर्षसम्म वडाभित्रका सबै बाटो कालोपत्रे हुने, सडकबत्ती, सिसी क्यामरा र सुरक्षा साइरन राख्नेलगायतका कामलाई वडाले सञ्चालन गर्ने जानकारी दिनुभयो । काठमाडौँ महानगरपालिका(२६ का वडा सचिव केदार रिमालले चालू आवमा आफ्नो वडाले विकास निर्माणमा ६१ प्रतिशत प्रगति हासिल गरेको बताउनुभयो । उहाँले आगामी वर्ष वडाले कौशीखेती, पर्यटनलगायतलाई प्राथमिकता दिएर बजेट विनियोजन गर्ने बताउनुभयो । काठमाडौँ महानगरपालिका २६ का वडा सदस्य प्रवेश श्रेष्ठले आगामी वर्षदेखि २६ वडा धुलोमुक्त र हिलोमुक्त हुने बताउनुभयो ।

## मेरो......

हो र ! आफ्ना त सबै उतै छन् ! आफन्त देखि टाढिएर गरेको उन्नति र पाएको खुसिसँग के सन्तुष्ट हुने हो र ! हैन र दीदी"? क्षणिक भेटको कुराकान्मा मैले बुझे अनुसार सन्जुजीको कविहृदयले स्वदेश र स्वजनलाई भुल्न दिएको रहेनछ र बिदेशमा यत्तिको समय बिताए पनि रमाउन सकेको रहेनछ जस्तो लाग्यो । सायद सबै नेपालीको बाध्यता यस्तै होला । सरिर बिदेश भए पनि मन त स्वदेशमा नै पुग्छ । यत्तिकैमा कार्यक्र सुरु हुन् आट्यो, उद्घोषकले सन्मानित व्यक्तिलाई मन्च अगाडि निम्त्याए । सभापति, उप सभापति, लगायत बरिष्ट व्यक्ति ब्यलायतका लागि नेपाली राजदूत डा. दुबसु क्षेत्रीको पनि आगमन् भयो । लहरै सन्मानित ब्यक्तिका साथमा मेरो पनि नाम बोलाइयो कवि इन्दिरा दीक्षित ! लजाउँदै उठेर गएँ, सबै सन्मानितका साथमा म पनि सामेल भएँ, मनमनै सोचेँ! यत्तिका बरिष्ट ब्यक्तिका हारमा म पनि मिल्ने भए त ? । माथि मन्च बाट अगाडि हेर्दा थुप्रा मान्छे जम्म भै सकेका मेच कुर्सि सबै भरिभराउ थियो । रेडिगँबासी मात्रै नभएर अन्यत्रबाट पनि आएका होलान्, लण्डनबाट कृष्णसर आए जस्तै ।

# अन्तराष्ट्रिय समाचार

## द्वन्द्व चर्किरहेको सुडानमा ७२ घण्टे युद्धविराम लागू

द्वन्द्व चर्किरहेको सुडानमा ७२ घण्टे युद्धविराम लागू भएको छ । युद्धरत सुडानी सेना र अर्धसैनिक बल र्यापिड सपोर्ट फोर्सेज आरएसएफबीच ७२



घण्टे युद्धविराम गर्ने सहमति भएको बीबीसीले जनाएको छ । दुई पक्षबीच गएराति ७२ घण्टे युद्धविराम गर्ने सहमति भएको खबरमा उल्लेख गरिएको छ । अमेरिकी विदेश मन्त्री एन्टनी ब्लिङ्कनका अनुसार ४८ घण्टाको लामो वार्ता पछि युद्ध विराम गर्ने सहमति बनेको हो । सुडानमा सेना र अर्धसैनिक बलबीच भएको सङ्घर्षमा अहिलेसम्म चार सय जनाको ज्यान गइसकेको छ भने सयौँ घाइते भएका छन् । युद्ध विरामको घोषणा भएसँगै त्यहाँ फसेका नागरिक सुरक्षित बाहिर निस्कन पाउनेमा आशावादी देखिएका छन् । पश्चिमा लगायतका कयौँ देशले युद्धविराम अघि नै आफ्ना नागरिकको उद्धार गरेका छन् । केही देशले भने अहिले पनि उद्धारको काम भइरहेको जनाएका छन् ।

## आउँदो चुनावमा उम्मेदवार बन्ने बाइडेनको घोषणा

अमेरिकी राष्ट्रपति जो बाइडेनले सन् २०२४ मा हुने राष्ट्रपति चुनावमा



पनि उम्मेदवारी दिने घोषणा गर्नुभएको छ । बाइडेनले एक भिडियो सार्वजनिक गर्दै राष्ट्रपतिको उम्मेदवारका लागि औपचारिक अभियान सुरु गरेको जानकारी गराउनु भएको बीबीसीले जनाएको छ । स्वतन्त्रता र अधिकार खतरामा रहेको भन्दै उहाँले स्वतन्त्रता र अधिकारका लागि आफू दौडिरहेको बताउनुभएको छ । अमेरिकी इतिहासकै सबैभन्दा ज्येष्ठ राष्ट्रपति बाइडेनले सन् २०२४ मा हुने चुनाव जितेमा २०२९ मा दोस्रो पूर्ण कार्यकाल सकिँदा ८६ वर्षको हुनुहुनेछ । बाइडेनभन्दा अघिका राष्ट्रपति डोनाल्ड ट्रम्प ७० वर्षको उमेरमा राष्ट्रपतिमा चयन हुनुभएको थियो । उमेरका कारण राष्ट्रपतिमा दोहोरिनु उपयुक्त हुन्न भन्ने मत रहे पनि डेमोक्र्याटिक उम्मेदवारीका लागि बाइडेनसँग अहिलेसम्म कुनै प्रमुख प्रतिद्वन्द्वी नदेखिएकोले उहाँको उम्मेदवारीको सहज बाटो निश्चितजस्तै रहेको बीबीसीले जनाएको छ ।

## बेलायतका उपप्रधानमन्त्री डोमिनिक राबद्वारा राजीनामा

बेलायती उपप्रधानमन्त्री डोमिनिक राबले हिजो पदबाट राजीनामा दिनुभएको छ । विभिन्न सरकारी विभागमा काम गर्ने क्रममा कर्मचारीलाई धम्की दिएको आरोपपछि उहाँले राजीनामा दिनुभएको बीबीसीले जनाएको छ । सरकारी कर्मचारीसँग गरेको व्यवहारबारे औपचारिक उजुरीपछि राबले गएको नोभेम्बरमा नै जाँचको अनुरोध गर्नुभएको थियो । लगत्तै प्रधानमन्त्री ऋषि सुनकले वरिष्ठ वकिल एडम टालीलाई स्वतन्त्र अनुसन्धानको नेतृत्व गर्न नियुक्त गर्नुभएको थियो । राबले ट्विटमार्फत् प्रधानमन्त्रीलाई सम्बोधन गरी राजीनामाको जानकारी गराउनुभएको छ । उहाँ आफ्नो व्यक्तिगत आचरणका कारण सुनक नेतृत्वको सरकारबाट राजीनामा दिने तेस्रो वरिष्ठ मन्त्री हुनुहुन्छ । यसअघि मन्त्रिपरिषद्का सदस्य गेभिन विलियम्सनले गएको नोभेम्बरमा राजीनामा दिनुभएको थियो । त्यस्तै प्रधानमन्त्री सुनकले जनवरीमा कन्जरभेटिभ पार्टीका अध्यक्ष नाधिम जहावीलाई बर्खास्त गर्नुभएको थियो । गएको अक्टोबरमा प्रधानमन्त्रीको पदभार ग्रहण गरेपछि सुनकले 'निष्ठा, व्यावसायिकता र जवाफदेहीता' को सरकारको नेतृत्व गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

## बंगालमा दश जना माझीको शव भेटियो

बङ्गालको खाडीमा माछा मार्ने क्रममा बेपत्ता भएका १० जना माझीको शव फेला परेको छ । माछा मार्ने डुङ्गाको शीत भण्डारभित्र उनीहरुको शव फेला परेको बङ्लादेशको कोक्स बजार सदर पुलिस कार्यालयका प्रमुख रफिकुल इस्लामले जानकारी दिनुभएको छ । उनीहरु सबैको हातखुट्टा बाँधिएको थियो । स्थानीय डुङ्गाचालकले सोनाडिया टापुको पश्चिमी भागमा माछा मार्ने डुङ्गा तैरिरहेको देखेपछि प्रहरीलाई जानकारी दिएका थिए । लुटेराको समूहले करिब १० दिन अघि नै माझीलाई आक्रमण गरेर मारेको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको प्रहरीलाई उद्धृत गरी चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

## पूर्वमन्त्रीसहित ६८ जनालाई भारतीय एक अदालतको सफाइ

भारतको गुजरातमा सन् २००२ मा भएको धार्मिक दङ्गामा ११ जना मुस्लिमको हत्या गरेको आरोपमा मुद्दा खेप्दै आएका पूर्वमन्त्रीसहित ६८ जनालाई भारतीय एक अदालतले सफाइ दिएको छ । अहमदाबाद अदालतले एक पूर्व राज्यमन्त्री र कट्टरपन्थी हिन्दु समूहका दुई वरिष्ठ सदस्यलाई सफाइ दिएसँगै यो विषयको मुद्दा समाप्त भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । २१ वर्षअघि ११ जना मुस्लिमको हत्यापछि रेलमा भएको आगलागीमा परि ५९ जना हिन्दु तीर्थयात्रीको ज्यान गएको थियो । लगत्तै भड्किएको धार्मिक हिंसामा कम्तीमा एक हजार नागरिकले ज्यान गुमाएका थिए । अहिले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी त्यसबेला गुजरातको मुख्यमन्त्री हुनुहुन्थ्यो । यो घटनालाई नजरअन्दाज गरेको मोदीमाथि आरोप थियो । उहाँलाई सन् २०१२ मा सफाइ दिइएको थियो । भारतको सर्वोच्च अदालतले नयाँ अनुसन्धानको आदेश दिएपछि सुरु भएका केही मुद्दामध्ये यो अन्तिम मुद्दा हो । मुद्दामा कुल १ सय ८८ जना दोषी ठहर भएका छन् भने ३ सय १३ जनाले सफाइ पाएका छन् । विपक्षी दल काङ्ग्रेसकी शमा मोहम्मदले फैसलाप्रति असन्तुष्टि जनाउँदै गरेको ट्विटरमा गुजरातको न्याय प्रणाली 'ढोङ्ग' भएको टिप्पणी गर्नुभएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक





# हामी जानी जानी दलदलमा किन जाकिन्छौँ हँ ?



रमेश प्रभात

उपन्यासकार हिरा लामाको 'दलदल' उपन्यासको नाम प्रकाशन हुनुपूर्व अर्कै थियो । यसको पाण्डुलिपि यस्तो थिएन, पाण्डुलिपिमा भएका विभिन्न प्रसङ्गहरु प्रकाशनमा आउँदा निकै नै हेरफेर भएर आएका छन् । पाण्डुलिपि हेर्दा यौन उपन्यास हो कि भन्ने थियो भने यतिबेला यो पूर्णत: सामाजिक उपन्यास भएर आएको छ । यसले आजका नेपाली युवाको समस्यालाई राम्रोसँग उठाएको छ ।

उठान

हिरा लामा, यो नाम मेरो लागि निकै पुरानो नाम हो । शारीरिक सुन्दरतामा ध्यान दिने हिरालाई हिरा नभनेर हिरो भन्न रुचाउँछु म । त्यसो त उनलाई भन्दा पहिला उनका दाजु तारा लामालाई चिनेको हुँ मैले । हिराजीसँग पहिलोचोटि कहिले चिनजान भयो ? मलाई मिति, स्थान र समय ठ्याक्कै याद छैन । तर उनीसँग पचासको दशकमै भेट भएको हुनुपर्छ भन्ने ठम्याइ छ मेरो । पचासको दशकको सुरुदेखि अन्त्यसम्म करिब एक दशक म कमलदेवी बोर्डिङ, शारदानगरमा पढाउँथे भने उनी ग्र्याण्डी बोर्डिङ, रामपुरमा पढाउँथे । त्यतिबेलै उनीसँग गहिरो मित्रता नभए पनि द्वारिका नेपाल मध्यस्थ थिए हामी बीचमा ।

द्वारिकाजी सुरुदेखि नै नेपाली पढाउँथे भने हिरा लामा गणित । मेरो हकमा नपढाएको विषय नै थिएन त्यतिबेला । म गणित, विज्ञान र कतै अङ्ग्रेजी पनि पढाउँथे । सुरुदेखि नै अन्तर्मुखी स्वभावका हिराजी साहित्यमा रुचि राख्नुहुन्छ भन्ने थाहा थियो । मेरो हकमा पनि विज्ञानबाट आफ्नो करियर सुरु गरेको भए पनि सुरुदेखि नै साहित्यमा रुचि भएका कारण स्नातकोत्तर तहमा नेपाली विषय लिएपछि भने नेपाली विषयको शिक्षक बनेँ । मैले कमलदेवी छोडिसकेपछि हिराजीका कथाका किताब निस्कियो । त्यसले भने उनीसँग नजिक गरायो । त्यो सम्बन्ध हालसम्म कायम रहेको छ ।

यतिबेला मेरो हातमा उनै हिरा लामाको पहिलो उपन्यास 'दलदल' छ । उनको 'दलदल' उपन्यासको नाम प्रकाशन हुनुपूर्व अर्कै थियो । यसको पाण्डुलिपि पढ्ने एउटा पाठक म पनि हुँ । प्रकाशनमा आउँदा धेरै प्रसङ्ग फेरिएर आएको रहेछ । पाण्डुलिपि पढ्दा यौन उपन्यास हो कि भन्ने लागेको थियो भने अहिलेचाहिँ यो पूर्णत: सामाजिक उपन्यास भएर आएको छ । यो उपन्यास आजका नेपाली युवाको भोगाइको यथार्थ प्रतिबिम्बन हो ।

'दलदल' उपन्यासले उठाएको सवाल

म यतिबेला समाचार माध्यममा प्रेमप्रसाद आचार्यको आत्मदाहका बारेमा नियालेर हेरिरहेको छु र साथमा छ हिरा लामाको 'दलदल' उपन्यास । जीवनदेखि विरक्तिनुलाई के भन्ने ? कसैले आफ्नो जीवन किन बर्बाद पार्न खोज्छ ? यो देशमा गरिखान चाहने युवाले किन स्वतन्त्र भएर काम गर्न सक्तैनन् ? मेरो मनमा पनि यस्तै यस्तै सवालहरु उठ्छन् घरिघरि । यो देशबाट यस्तो स्थिति कहिले सुध्रेला ? म निरुत्तर छु । म पात्रले प्रथम पुरुष शैलीमा आफ्नो जीवन भोगाइ बताएको 'दलदल' उपन्यास नायकको वैयक्तिक अनुभूति हो । विदेश जान भनेर काठमाडौँ बसेका बेला साथीको कोठामा छरपस्ट भेटिएका पत्रिकामा प्रकाशित 'पूर्वमाओवादी अयोग्य लडाकु तुफानको प्रेमपत्र'मा सम्बोधित प्रेम अर्थात् छिरिङ तामाङ आफू भएको र उक्त चिठी लेख्ने व्यक्ति आफ्नो बाल्यकालीन साथी उजेली सापकोटा भएको कुरा म पात्रले स्वीकार गरेको छ । यसले उसको नामका बारेमा खुल्छ । त्यसो त उसले आफू तामाङ भएका कारण आफ्नी पत्नी पारुल भट्टराईका परिवारले आफूलाई स्वीकार नगरेको र बुहारी बाहुनी भएका कारण म पात्रकी आमाले नस्वीकारेको कुरा उपन्यासको सुरुतिरै गरिएको छ । यसमा म पात्रसँग विद्यालय जीवनमा उजेली सापकोटा, वैवाहिक जीवनमा पारुल भट्टराई र विवाहित हुँदाहुँदै चिनी ठकुरीसँग मन साँट्ने डुलुवा अर्थात् भमराजस्तो देखिएको छ । ऊ आफूलाई पत्नीप्रति बफादार भएको पनि देखाउँछ । पेसाले शिक्षक भएका कारण आफू समाजप्रति जिम्मेवार भएको देखाउन पनि पछि पर्दैन । गरिबी यो उपन्यासको मुख्य मुद्दा हो भने जातीय विभेद यसको अर्को मुद्दा हो ।

अलिकति लेखकका आफ्ना कुरा र अलिकति यो समयका युवाका कुराले उपन्यासको कथ्य बुनिएको छ । उपन्यासको नायक म पात्रले बोर्डिङ पढाउने, ट्युसन पढाउने, नेटवर्किङ व्यवसाय गर्नेजस्ता विविध काममा म सक्रिय संलग्नता देखाएको छ । जति मेहनत गर्दा पनि उसको गरिबीमा केही फेरबदल हुँदैन । यसरी देशमा जति घोटिँदा पनि परिवारको आवश्यकता पूरा गर्न नसकेपछि आफ्ना सबै आदर्श त्यागेर श्रीमतीको करकापमा म पात्र विदेश हानिन्छ, यसपछि उपन्यास टुङ्गिन्छ ।

देशमा केही गर्न नसक्नेको अन्तिम विकल्प विदेश नै हो त ? के विदेशमा पैसा फल्ने रुख छ ? त्यसबाट फटाफट पैसा टिप्न पाइन्छ ? साँच्चै कस्तो छ हँ त्यो विदेश भन्ने कुरा ? के त्यहाँ सुखै सुख छ ? त्यता जान किन लालायित हुन्छन् मान्छेहरु ? यस्ता सवाल यो उपन्यास पढेपछि पाठकका मनमा उठ्छ ।

प्रेमले पीडासिवाय केही दिँदैन र ?

'दलदल' उपन्यासकी एउटी पात्र चिनीले प्रेमलाई पीडाको पर्याय मानेकी छ । आफ्नो प्रेमप्रसङ्ग सम्झँदै ऊ भन्छे : " ऊ मेरो जीवनमा खुसी-नायक भएर आयो अनि गयो पीडा-दायक भएर । उसले मलाई माया मात्र दिएन, साउनको बादल जस्तै कालो पीडा पनि दियो । उसले मलाई गुलाफी हाँसो मात्र दिएन, अमिलो, पिरो, टर्रो, तितो सबै खाले आँसु पनि दिएर पनि दिएर गयो । उसले मलाई हाँसोको अर्थ सिकायो अनि आँसुको मूल्य बतायो ।" (पृष्ठ : ११४)

प्रेम के हो ? के प्रेमको अर्थ दिनु मात्र हो ? कि प्रेममा लिनुको मात्र अर्थ छ ? आफूलाई नभएपछि अरुलाई पनि नहोस् भन्नु प्रेम हो कि होइन ? के प्रेम सफल हुनलाई बिछोड अनिवार्य छ ? त्यसो भए प्रेमले पीडासिवाय अरु केही दिँदैन त ? 'दलदल' उपन्यासले प्रेमका बारेमा उठाएको बहस हो यो ।

साँच्चै प्रवास भनेको दलदल नै हो त ?

देशभित्र केही गर्न नसक्नेहरु विदेश जान्छन् । ठूला ठूला सपना पाल्नेहरु विदेश जान्छन् । कोही परिवारको करकापमा परेर विदेश जान्छन् । कोही देशमा केही गर्ने वातावरण नभएपछि विदेश जान्छन् । यसरी विदेश जानेहरुको लर्को हेर्नका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक दिन बिताउने हो भने थाहा हुन्छ ।

उपन्यासकार हिरा लामाले खण्ड खण्डमा विभाजन गरी शीर्षकीकरण गर्दै कथा जसरी 'दलदल' उपन्यासलाई बुन्ने काम गरेका छन् । अन्तिमको शीर्षक 'दलदल' राखेका छन्, जसमा म पात्र विदेश भासिएको कुरा छ । सामान्य अर्थमा भन्दा दलदल भनेको समस्या हो भने दलदलमा फस्नु भनेको समस्यामा पर्नु हो । यसरी हेर्दा उनले 'दलदल'मा विदेश भासिनुलाई दलदलका रुपमा अर्थ्याएका छन् । के विदेश जानु भनेको दलदलमा जाकिनु नै हो त ? यो प्रश्नलाई 'दलदल' उपन्यासले निकै गम्भीर रुपमा उठाएको छ ।

बैठान

लेख्नु निकै जटिल काम हो । अझ त्यसलाई प्रकाशन गर्नु झन् जटिल काम हो । लेखेर सकेको करिब एक दशक पछि पटक-पटक पुनर्लेखन गरेपछि 'दलदल' यो रुपमा आएको हो । यसमा हिराजीको मात्र नभएर प्रकाशक र सम्पादकको निकै मेहनत परेको छ । यसले हिराजीलाई कथाकारबाट उपन्यासकारका रुपमा उभ्याएको छ । उनको यो नयाँ यात्रालाई स्वागत छ । उनले एउटा अहम् प्रश्न उठाएका छन् : 'हामी दलदलको मारबाट कसरी उम्कने ?'

जबसम्म यो देशमा गरिखाने वातावरण बन्दैन, तबसम्म हरियो पासापोर्टले समाजमा जरा गाडेर बसिरहने छ । प्रवासनले तत्कालका लागि देशमा रेमिट्यान्सका रुपमा केही रकम भित्रिन सहयोग गरे पनि देश पुरै जर्जर बन्छ भन्ने ठहर लेखकले उपन्यासका माध्यमबाट गरेका छन् । यो आजको नेपालको टड्कारो समस्या हो । अहम् सवाललाई उपन्यासका माध्यमबाट उठाएकोमा हिराजीलाई धन्यवाद । उनको दलदल उपन्यास प्रकाशित भएकोमा हार्दिक बधाई । कृति सफल बनोस् यही शुभकामना । अब चाहिँ छिट्टै अर्को कृति पढ्न पाइयोस् ।

अध्यक्ष, अक्षर समूह चितवन ।

देशभित्र केही गर्न नसक्नेहरू विदेश जान्छन् । ठूला ठूला सपना पाल्नेहरू विदेश जान्छन् । कोही परिवारको करकापमा परेर विदेश जान्छन् । कोही देशमा केही गर्ने वातावरण नभएपछि विदेश जान्छन् । यसरी विदेश जानेहरूको लर्को हेर्नका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक दिन बिताउने हो भने थाहा हुन्छ । उपन्यासकार हिरा लामाले खण्ड खण्डमा विभाजन गरी शीर्षकीकरण गर्दै कथा जसरी 'दलदल' उपन्यासलाई बुन्ने काम गरेका छन् । अन्तिमको शीर्षक 'दलदल' राखेका छन्, जसमा म पात्र विदेश भासिएको कुरा छ । सामान्य अर्थमा भन्दा दलदल भनेको समस्या हो भने दलदलमा फस्नु भनेको समस्यामा पर्नु हो । यसरी हेर्दा उनले 'दलदल'मा विदेश भासिनुलाई दलदलका रूपमा अर्थ्याएका छन् । के विदेश जानु भनेको दलदलमा जाकिनु नै हो त ? यो प्रश्नलाई 'दलदल' उपन्यासले निकै गम्भीर रूपमा उठाएको छ ।

# मेरो पुस्तक "सम्बन्धका घुम्तीहरु" विमोचनका क्षण

इन्दिरा दीक्षित

बेलायत पुगेको १५ दिन पनि भएको थिएन कृष्ण बजगाईं सरको फोन आयो "म्याडम तपाईंको पुस्तक विमोचन गर्ने हैन" ? म अकमक्क परेँ । नयाँ पुस्तक कथासङ्ग्रह "सम्बन्धका घुम्तीहरु" छापिने बित्तिकै काठण्डौबाट तुरुन्तै बेलायत आइहालेँ, पुस्तक विमोचन पनि भएको थिएन । पुस्तक त मैले लेखेकी थिएँ तर सबै प्रबन्ध कृष्णसरकै थियो । हुन्न भन्ने त कुरै थिएन, हुन्छ भन्न पनि कसरी हो ! नयाँ ठाउँ, आफुलाई यताको केही भेउ छैन, छोरी ज्वाइँले निम्ताएकोले घुम्न आएकी, उन्को फुर्सद के कसो हुन्छ नसोधी कसरी हुन्छ भनौ ! म अकमक्किएको बुझेर उहाँले भन्नुभयो, "भरेभोलि सोचेर जवाफ दिए पनि हुन्छ" मैले हस् भनेर फोन राखेँ । बेलुकी छोरीज्वाइँका अगाडि कुरा राखेँ । उन्ले सोधे "कैले र कहाँ कार्यक्रम गर्ने रे त ममी "? यो त मैले सोध्नै बिर्सेछु ! आधा कुरामा उनीहरु हाँसे, राम्ररी सोधेर पक्का गरिस्यो न मम् ! हामी जसरी नि बिदा मिलाउँछौ । उनीहरूका तर्फबाट आस्वस्त भएँ । उहाँलाई म भोलि सोधौला

यति भन्दै आफ्नो कोठातिर लागेँ । त्यो रात राम्रो सँग निन्द्रा पनि लागेन ।

भोलिपल्ट ८ बजेतिर मैले कृष्णसरलाई फोन गरेँ । औपचारिक अभिवादन पछि मैले भने "सर ! विमोचन त गर्ने तर कैले र कहाँ गर्ने हो ? मेरा छोरीज्वाइँले सोधेका छन् । उनीहरु पनि कार्यक्रमा आउँछन् र आवश्यक सहयोग पनि गर्छु भनेका छन्" उहाँले भन्नुभयो " तपाई बृस्टलमा बस्नुहुन्छ म लण्डनमा बस्छु, हामी दुबैलाई मिल्ने गरी रेडिगँमा मिलाउँन लागेको, त्यता मेरा साथीहरुले भानुजयन्ती मनाउने कार्यक्रम छ, म पनि जानुपर्छ, त्यति बेला तपाइँको पुस्तक पनि विमोचन गर्ने बिचार गरेको छु, यही १८ जुन आइतबारका दिन कार्यक्रम हुदैछ ।"

रेडिगँको नाम सुन्नेबित्तैकै म त दँग परेँ, त्यता त मेरी छोरीको आफ्नै घर छ जहाँ सासूससुरा,देवर सबै बस्नुहुन्छ, केही समय अगाडिसम्म त यिनीहरु पनि उतै बस्थे, कामको शिलशिलाले बृस्टलतिर अर्को घर किनेर बस्नुपरेको हो । अर्को हप्ता त हामी पनि सम्धीसम्धिनी भेट्न जाने कुरा थियो, पुस्तक विमोचन पनि त्यसैबेला पो हुन् रहेछ, मेरो आश्चर्यको सीमा रहेन । म दङ्ग परे ।

त्यसको दुइ दिन पछि एउटा अपरिचित फोन आयो, रेडिगँबाट बिनोद अधिकारीजीले गर्नुभएको रहेछ । मेरो किताव सम्बन्धी जानकारी र एउटा किताब पनि पोष्ट गरेर पठाउन अनुरोध गर्नुभयो, कारण बुझ्दा कृष्ण सरले भन्नुभएको रहेछ, मेरो किताबको कथाहरुका बारेमा पढेर केही प्रकाश पारिदिनुहोला भन्नुभएकोले मैले सम्पर्क गरेको हुँ , "म्याडम ! हजुरको किताव नपढी कसरी मैले बोलूँ"? हुन्छ म पठाउँल त भनेँ तर कुरा यत्तिकैमा टुँगिएन , निकै लामो कुराकानि भयो, बिनोदजीले मेरो बारेमा अरु आवश्यक सबै जानकारी पनि मबाट लिनुभयो ।

शुक्रबार बेलुकीतिर छोरीज्वाई सहित हामी चारैजना रेडिगँ बस्दै गयौं । हाम्रो उपस्थितिमा परिवार सहित सम्धीसम्धिनी पनि निकै खुसी हुनुहुन्थ्यो , झन मेरो पुस्तक विमोचनको खवरले अझ खुसी बनायो । शुक्रबार बेलुकी पुगेका हामी यताउता कतै जाने कुरा थिएन, विमोचन कार्क्रम आइतबार भएकोले शनिवार रेडिगँ बजार वरपर घुम्ने योजना बन्यो । बजार नजिकै घर रहेछ हिडेरै सबैतिर भ्याइने, बिहानको नास्ता पछि सम्धीज्यूको परिवार पाँच जना र हामी दुइ गरी सातजना घरबाट निस्कियौ । नगिचै हिन्दू मन्दिर रहेछ । पैला मन्दिर नै दर्शनगर्न गयौ । सम्धीसम्धिनीले हार्दिकताका साथै खुसिखुसी हामीलाई सबै सहर घुमाउनुभयो, हामी पनि नौलो र नयाँ ठाउँ दङ्ग परेर हेर्दै हिड्यौ, दिनको खाना नेपाली रेस्टुराँतिरै भयो, बजार किनमेल र घुमघाम पछि साँझतिर घर फर्क्यौ । राती त खाएर आराम गर्ने न हो । तर भोलिपल्टको कुराले निन्द्रा लाग्न दिएको थिएन । निकै बेरको छट्पटी पछि कुनबेला निदाएछु पत्तो भएन ।

आइतबार बिहान सबेरैदेखिको तरखर तर कार्यक्रम भने एक बजेदेखि सुरु हुने रहेछ । बिनोद अधिकारीजी जुन भानुजयन्ति कार्क्रमका सँयोजक हुनुहुन्थ्यो मेरा सम्धी भक्ति चुडालजीको साथी पनि हुनुहुँदो रहेछ, साथी भेट गर्न हो अथवा पुस्तक लेखिकालाई एक नजर हेर्ने मनशायले हो बिहान कार्यक्रम स्थल जानुभन्दा अगाडि रेडिगँको घरमा आउनुभयो । पुस्तक बिमोचनका लागि आवश्यक सबै सरजाम पनि आफैले बोकेर ल्याउनुभएको रहेछ । करिव १५ मिनेट जति बस्नुभयो आवश्यक सरसल्लाह पछि मतिर फर्कदै भन्नुभयो "म्याडम् ! तपाईंको पुस्तक सबै पढें निकै राम्रो र स्तरीय लाग्यो, तपाईंलाई बधाइ छ" ! खुसीले दँग परेँ, धन्यवादसम्म भन्न भ्याएछु । विनोदजी हामीलाई चाँडै आउन भन्दै चाजोपाँजो मिलाउन अलि चाँडै कार्कम स्थलतिर जानुभयो ।

सम्धीसम्धिनी , छोरीज्वाई, अनि ज्वाइँका किसोर भाइ सबैको आआफ्नै तरिकाको चटारो थियो, मानौ कुनै ठूलो उत्सव मनाइँदैछ । खाना खाएर बार बज्दा नबज्दै औपचारिक पोसाकमा सजिएर घरबाट सबैजना निस्कियौ । तस्वीरका सोखिन सम्धीज्यूले तुरुन्तै केही तस्वीर पनि निकालिहाल्नुभयो । कार्यक्रम स्थल नजिकै पाँचमिनेटको दूरिमा रहेछ । म दँग पर्दै हिड्दै थिएँ, फोनमा मात्र कुरा हुने समकालीन साहित्य प्रतिष्ठा (जस्ले मेरो पुस्तक प्रकाशित गरेको छ) का मालिक, सम्पादक श्री कृष्ण बजगाईं, आज त साक्षात्कार पनि हुँदैछ ! तस्वीरको मान्छे र सशरीर देखिदा कति फरक होला त ? सोच्दासोच्दै कार्कम स्थल पनि पुगियो । निकै तामझाम का साथ भानुजयन्ती मनाउन लागिएको रहेछ । करिव दुइसय जति मान्छे अटाउने ठिक्कको हल रहेछ । हलको वरपर ध्वजा पताकाले शृंगारिएको, हलको एकापट्टि कुनामा मन्च बनाइएको रहेछ, मन्चको अगाडीपट्टि भित्तामा ठूलो भानुभक्तको तस्वीर झुण्ड्याइएको, तस्वीर वरपर फूलमालाले सजाइएको थियो । मन्चको दायाँबायाँ केहि कुर्सिहरु राखिएका थिए, सायद विशिष्ट पाहुनाहरुकालागि होला, मन्चको ठिक आगाडी थुप्रै कुर्सिहरु मीलाएर राखिएको थियो, आगन्तुक दर्शक र स्रोता माहानुभावहरुको लागि होला र मन्चको बिचोबिचमा माइक उभ्बिएको थियो । समष्टमा कार्क्रम हल निकै आकर्षक देखिएको थियो ।

ऐले ब्यलायत निकै नेपालीहरुको कर्मथलो बनेको छ । ऐले मात्र हैन इतिहाँस पल्टाएर हेर्दा राणाशासन कालका पहिलो प्रधानमन्त्री जँगबाहादुर राणादेखि नै नेपाल र ब्यलायतको मित्रता कायम भई आओत जाओत सुरुभएको थियो । पछिपछि काँम र पढाइको शिलशिलामा ब्यलायती र नेपालीको आओत जाओत कायमै रह्यो । यतिमात्र नभएर इस्टइण्डिया कमपनिले दोश्रो बिस्वयुध्दको बेलामा नै नेपाली बाहादुर हुन् भनेर चीनेको थियो र इण्डिया छोड्दा ब्यलायतले आफ्नो सेना बृटिस् आर्मीमा समेत नेपालीलाई सामेल गरेको थियो । यो क्रम आजसम्म पनि कायमै छ । यी नेपाली बृटिस सैनिक आफ्ना परिवार सहित ब्यलायतमानै बसोबास गर्दै आएका छन् र बेलायत सरकारले आफ्नै देशका नागरिक सरहको सुबिधा दिएर राखेको छ ।

सैनिक क्षेत्रमा मात्र नभएर पढाई होस् या अन्य अरु काम नै किन नहोस् तिष्ण बुध्दि भएका नेपालीले ब्यलायती सरह गोडा जमाएर बसेका छन् । ब्यलायतजस्तो सुबिधा सम्पन्न देशमा बसे ता पनि नेपालीले आफ्नो जन्मभूमी बिर्सदैनन् भन्नेकुराको प्रमाण आज म देख्दैछु ।

ग्रेटर रेडिगँ सोसाइटी तथा साहित्य सँगमको सँयुक्त आयोजनामा २०४ रौ भानु जयन्ती मनाउन लागेको रहेछ । निकै गन्यमान्य ब्यक्तिको उपस्थितिको साथै ब्यलायतको लागि नेपाली राजदूत डा. दुबसु क्षेत्री ज्युको पनि उपस्थित हुने कर्यक्रम रहेछ । यस्तो ब्यस्त दुनियाँ को ब्यस्ततासँग जुध्दै केहि समय निकालेर नेपाल र नेपाली भाषालाई नबिर्सिकन ससन्मान यसरी साहित्यिक कार्कम गर्नु भनेको हामीसबै नेपालीकालागि गौरवको कुरा हो । धन्यबाद छ ती नेपालीहरुलाई जस्ले बिदेशमा बसेर पनि आफ्नो मातृभूमी बिर्सदैनन् र अनेकने सँघसँस्थाको नाममा नेपाल चिनाउने कार्य गरिरहेका छन् । बरु अचेल त नेपाल भित्रै बस्नेले पो नेपाल बिर्से कि जस्तो लाग्छ ।

कार्यक्र सुरुहुन केहि समय बाकि नै थियो । अरु आगन्तुक पनि आउँदै थिए । हलभित्र पस्नेबित्तिकै मेरा आँखा खोज्दै थिए कृष्णसर कता हुनुहुन्छ । अगाडितिरको मेचमा साथिहरुसँग गफ गर्दै हुनुहुँदोरहेछ मैले पछाडिबाट अन्दाजैले चिने पक्कै कृष्णसरनै हो । सरासर अगाडी पुगेँ उहाँले पनि मलाई देख्नेबित्तिकै चिनिहाल्नुभयो । ओहो ! म्याडम नमस्कार ! फोनमा धेरैपटक कुराकानी भए पनि हाम्रो भेट त यो नै पहिलो थियो ।

अग्लो र पातलो सरिर, रोवदार मुहारमा शौम्य हासोसँगै उभिएर गरेको नम्स्कारमा मेरालागि आदर सहितको सन्मान पनि भएझैं लाग्यो । मैले पनि दुइहात जोडेर नमस्कार भने । कृष्णपत्नी सज्जु बजगाईं पनि साथै हुनुहुन्थ्यो, मझौला कदकाठकी आकर्षक अनुहारभएकी राम्री युवाकवि भनेर चिनिने सन्जु बजगाईं उहाँसँग पनि नमस्कारको आदनप्रदान भयो । कतिराम्रो जोडी दुबै पतिपत्नी साहित्यमा लागेका, विरलले पाइन्छ होला यस्तो आदर्श पतिपत्नी । म पनि नजिकै बसेँ । कुसलमँगल सहितको भलाकुसारि एकक्षण भयो फर्स्यइलो मिजासका पतीपत्नी, सधै चिनिएको मान्छे जस्तो अपन्वत्व भावको कुराकानि म त निकै प्रभावित भएँ, हामी त काठ्माण्डौबासी , राजधानीका मान्छे अलि घमण्डी हुन्छ भन्छन्,जे भए पनि अलि सबैसँग घुलमिल हुन नखोज्ने र टाढै बस्ने मिजासका चै हुन्छन्, म मा पनि त्यो गुण भए झै लाग्छ, झट्ट कसैसँग बोल्न नखोज्ने, बोल्न नजानेर पनि हो कि कसो हो ! तर बिदेशमा बसेका जो कोहि पनि नेपालीहरु, थोरै चिनीएको किन नहोस् अपन्वत्व देखाइहाल्ने स्वभावका मैले पाएँ । सँजुजीको साथमा ७/८ बर्षजतिको चुलबुले छोरा पनि थियो । एकैक्षणमा सन्जुजीसँग अझबढि घनिस्टता बढेझै लाग्यो ,उहाले पनि मलाई कोहि आफ्नै मान्छे भेटेझैं, आफ्नो मनको कुरा गरिहाल्नभयो, "बिदेश त बिदेश नै हो नि स्वदेश त हैन, आखिर अर्काको देशमा बसेर गरेको आर्जनको के महत्व

बाँकी ६ पृष्ठमा

# हुन्डाई क्रेटा र किया सेल्टोसको प्रतिस्पर्धी थपियो

सिट्रोनको एसयूभी सी३ एयरक्रस भारतमा ग्लोबल डेब्यु गरिएको छ। र विकास गरिएको हो भने ९० प्रतिशत सम्म यसलाई स्थानीयकरण गरिएको गर्न सकिने छ। सो एसयूभीमा १० इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम




५ र ७ सिटर अप्सनमा उपलब्ध हुने सो एसयूभीले हुन्डाई क्रेटा, किया सेल्टोस र मारुती सुजुकी ग्रान्ड भिटारा जस्ता प्रख्यात मिड साइज एसयूभीसँग प्रतिस्पर्धा गर्ने अपेक्षा गरिएको छ। सो एसयूभी सिट्रोनको भारतमा उपलब्ध हुने चौथो एसयूभी हो। यो भन्दा पहिले सिट्रोनले सी५ एयरक्रस, सी३ र इलेक्ट्रिक ईसी३ उपलब्ध गराइसकेको छ। सो एसयूभी सीएमपी मोडुलर प्लेटफर्ममा आधारित छ, जसको प्रयोग सी३ ह्याचब्याकका साथै ग्लोबल स्पेक जिप र फिएट कारमा समेत गरिएको छ। सो आर्किटेक्चरले सो एसयूभीको मूल्य कम राख्नमा सहयोग गर्नेछ। ग्लोबल डेब्यु गरिएको सी३ एयरक्रसको धेरै स्टाइल र फिचर सिट्रोन सी३ र सी५ एयरक्रससँग मिल्दोजुल्दो छ। २०२३ सिट्रोन सी३ एयरक्रस भारतमै डिजाइन छ। यो ४.३ मिटर लामो छ भने २०० एमएम ग्राउन्ड क्लियरेन्स छ।

सिट्रोनका अन्य गाडी जस्तै फ्रन्टमा यसको लोगो ग्रिलसँग इन्टिग्रेट गरिएको छ, जुन क्रोम र पियानो ब्ल्याक इन्सर्टसँग रिप्लेट भएर टु लेयर डिजाइनमा उपलब्ध छ। बम्पर भन्दा माथि 'वाई' आकारको डे टाइम रनिङ लाइट छ, जुन मेन हेडल्याम्प सिटिङसँगै छ। पछिल्लो भागमा ठूलो टेलगेट, प्रशस्तै क्लेडिङ सहितको टल बम्पर र स्क्वारिस टेलल्याम्प छ। सिट्रोन सी३ एयरक्रसमा १.२ लिटर टर्बो पेट्रोल इन्जिन उपलब्ध हुनेछ। सो इन्जिनले ११० बीएचपीको पावर र १९० एनएमको टर्क जेनेरेट गर्छ। सो इन्जिनको साथमा म्यानुअल र अटोमेटिक गियरबक्सको विकल्प उपलब्ध हुने सम्भावना छ। यसको बुट स्पेसलाई बढाएर ५११ लिटर सम्म हुनेछ, जसमा एन्ड्रोइड अटो र एप्पल कारप्ले, फुल्ली डिजिटल ड्राइभर डिस्प्ले, डे नाइट आईआरभीएम, रुफ माउन्टेड रियर एसी भेन्ट सहितको म्यानुअल एसी र क्रुज कन्ट्रोल उपलब्ध छ। सुरक्षाका लागि यसमा ६ वटा सम्म एयरब्याग, इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल (ईएससी), टायर प्रेसर मोनिटरिङ सिस्टम (टीपीएमएस), रियरभ्यु क्यामेरा, ईबीडीका साथ एबीएस र रियर पार्किङ सेन्सर जस्ता फिचर उपलब्ध छन्। भारतीय बजारमा यो वर्ष दोस्रो अर्धवार्षिक अवधिमा सो एसयूभी लन्च हुने बताइएको छ। नेपालमा पनि सांग्रिला मोटर्सले सिट्रोनका सवारी साधन बिक्री-वितरण गरिरहेको छ। यस अनुसार लन्च भए पश्चात भविष्यमा नेपाली बजारमा समेत सो एसयूभी उपलब्ध हुने अनुमान गर्न सकिन्छ।

# नेपाली बजारमा महिन्द्रा एक्सयूभी ३००

काठमाडौं। नेपालका लागि महिन्द्राको आधिकारिक वितरक अग्नि इन्कर्पोरेटेड प्रालिले महिन्द्रा एक्सयूभी ३०० लन्च गर्दैछ। पहिले देखि नै प्रतीक्षारत रहेको सो एसयूभी आज देखि नेपाली बजारमा बुकिङका लागि खुला हुनेछ।


यो एसयूभीमा महिन्द्राले १.२ लिटर टीजीडीआई थ्री सिलिन्डर पेट्रोल इन्जिन दिएको छ। जसको अधिकतम पावर १३० पीएस र टर्क २५० एनएमसम्म रहेको छ। टर्क वढाउन यसमा 'ओभर वुस्ट' फंक्सन दिइएको छ। यसको स्पीड पनि सेग्मेन्टकै उत्कृष्ट रहेको छ। ६ स्पिड म्यानुअल गियरवक्स जडान गरिएको यो एसयूभीले इन्जिन स्टार्ट गरेको ५ सेकेन्डमै ० देखि ६० किमि प्रतिघण्टाको गती पकड्न सक्छ।




एक्सयूभी ३०० फेसलिफ्ट सिंगल टोन र ड्युअल टोन कलर अप्सनमा उपलब्ध हुनेछ। यसमा तीनवटा भिन्न कलर सहितको ड्युअल टोन दिइएको छ। विभिन्न भागमा क्रोम प्रयोग गरिएको कारण यो एसयूभीलाई थप स्पोर्टी र आकर्षक देख्न सकिन्छ।

यसमा १७.७८ सेन्टिमिटरको इन्फोटेन्मेन्ट, एन्ड्रोइड एन्ड एप्पल कार प्ले कनेक्टिभिटी, माइक्रो हाइव्रिड टेक्नोलोजी, ड्यूल-जोन अटोमेटिक क्लाइमेट कन्ट्रोल, रेन-सेन्सिङ वाइपर, अटो हेडल्याम्प, एन्टि-पिन्च फक्शनको साथ इलेक्ट्रीक सनरुफ, एडप्टिभ हेडल्याम्प सहितको रियर पार्किङ क्यामेरा, प्रिमियम अपहोल्स्ट्री, पुश बटन स्टार्टको साथ किलेस इन्ट्री पाउन सकिन्छ।

ग्लोवल एनक्यापले गरेको क्र्यास टेष्टमा ५ स्टार रेटिङ पाएको यो एसयूभीमा सुरक्षाको लागि थुप्रै आधुनिक फिचर दिइएको छ। यसको चारवटै चक्कामा डिस्क व्रेक दिइएको छ भने फ्रन्ट पार्किङ सेन्सर, ६ वटा एयरव्याग, हिलस्टार्ट एसिस्ट सहितको इपिएस, एविएस, आइएसओफिक्स सीट र क्रनर व्रेकिङ कन्ट्रोल लगायत फिचर पाउन सकिन्छ। डव्लू६, डव्लू८ र डव्लू८(अप्सनल) गरी कुल तीन भेरिएन्टमा उपलब्ध यो एसयूभीको मूल्य ४३ लाख देखी ६० लाखसम्म कायम हुनसक्ने अनुमान गरिएको छ।




- चौध बर्षभन्दा मुनिका बालबालिकालाई श्रममा नलगाऔं ।
- बालबालिकालाई श्रमिक बनाउनु कानूनी अपराध हो ।
- बालबालिकालाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं ।
- बालबालिकाको शारिरीक र मानसिक विकासमा सहयोग गरौं ।

बालश्रम उन्मुलन अभियानमा सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की(९८५१०८७१५६), सम्पादक : इंन्दिरा घमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस